## विशेष इजलास

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री भरतबहादुर कार्की,** रिट नं. २०६७-WS-०००८, संविधानसँग बाझिएको कानून बदर गरिपाऊँ, *सुरेशचन्द्र पौडेल वि. व्यवस्थापिका संसद सचिवालय समेत*

बैंकिङ व्यवसाय धेरै हदसम्म विश्वासमा आधारित व्यवसाय हो । बैंकमा जम्मा गरिएको रकम माग गरिएको बेलामा भुक्तानी नपाउने हो भने बैंकले आफ्नो साख गुमाउँछ । त्यस्तै बैंकमा खाता खोली चेकमार्फत् भुक्तानी गरिएको वा कारोवार गरिएकोमा चेक लिई जाँदा खातामा रकम जम्मा नरहेको भई भुक्तानी हुन नसकेमा वा बैंकको खातामा रकम रहे पनि खातावालाले जारी गरेको चेकको रकम भुक्तानी हुनबाट खातावाला आफैले वैध कारण बिना रोकेमा चेकमार्फत् भुक्तानी गर्ने गराउने वा कारोवार गर्ने प्रणालीप्रति नै अविश्वास उत्पन्न हुन जान्छ । यसबाट प्रकारान्तरमा कारोवार गर्ने पक्षहरू व्यक्तिगत रूपमा आ-आफैले नगद कारोवार गर्नुपर्ने र बैकिङ प्रकृतिको कारोवारमा विकल्प खोज्नु पर्ने अवस्था सिर्जना गर्दछ । यस्तो हुनु बैंकिङ व्यवसायको स्वास्थ्यको हिसाबले बहुतै गम्भीर हुने ।

राष्ट्र बैंकले अन्य कुराको अतिरिक्त वृहत् अर्थमा मौद्रिक एवं बैंकिङ प्रणालीको कार्यान्वयनको लागि भरपर्दो वातावरण खडा गर्ने हो । बैंकहरूको संस्थागत विकास गर्ने, तिनीहरूको कारोवार स्वच्छ भरपर्दो एवं जवाफदेहीपूर्ण बनाउने र बैंकिङ व्यवसायमार्फत् गरिने कारोवारबाट सर्वसाधारणको हित संरक्षण गरी तिनीहरूको शोषण गर्न नपाउने, व्यवस्था गर्नुपर्ने हुन्छ । यस प्रयोजनको लागि कानूनले दिएका शर्तहरूको अधीनमा रही उचित नियमहरू बनाउन र निर्देशन जारी गर्न सक्ने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६८ साल बैशाख २९ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

**मा.न्या.श्री सुशीला कार्की, मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** फौ.पु.इ.नं. ०६७-CI-००२४, काठ चोरी निकासी, *नेपाल सरकार वि. बेलबहादुर थापा मगर समेत*

कानूनको व्याख्या गर्दा सर्वप्रथम कानूनमा प्रयोग भएका शब्द वा शब्दावलीले दिने सामान्य अर्थ सुस्पष्ट, व्यावहारिक, विवेकसम्मत् र न्यायपूर्ण भएसम्म सोही अर्थ ग्रहण गर्नुपर्दछ भन्ने कानून व्याख्याको सामान्य सिद्धान्त रहेको छ । तर, कानूनको शाब्दिक व्याख्या गर्दा त्यस्तो तर्कपूर्ण, विवेकसंगत, व्यावहारिक एवं न्यायपूर्ण अर्थ ननिस्कने भएमा शाब्दिक व्याख्याको नियमलाई अनुशरण गर्नु उपयुक्त हुँदैन । यस्तो अवस्थामा व्याख्याका स्वर्णिम नियम र दुष्कृतिसम्बन्धी नियम जस्ता अन्य नियमहरूको अबलम्वन गरी कानूनमा प्रयुक्त भाषा वा शब्दहरूको सन्दर्भ सुहाउँदो अर्थ निस्कने गरी व्याख्या गर्नुपर्दछ । वन ऐन, २०४९ को दफा ६६ मा भएको व्यवस्थाअनुसार उक्त ऐनबमोजिम सजाय हुने कसूर गरेको ठहरिएमा बोझवाहक साधनहरू जफत हने भन्ने देखिन्छ । "कसूर गरेको ठहरिएमा" भन्ने बाक्यांशको आशय उक्त ऐनअन्तर्गत घटेको कसूर वा वारदातसँग बरामद भएको बोझबाहेक साधनको धनीको कुनै तादम्यता नै रहनु नपर्ने भनी व्याख्या गर्न मिल्दैन । दफा ६६ को संयोजन र शब्दावलीले बोझबाहक साधन जफत हुनका लागि साधन धनीको समेत उक्त ऐनअन्तर्गतको कसूरमा प्रत्यक्ष वा परोक्ष संलग्नताको अपेक्षा गरेकै देखिन्छ । यसकारण साधनधनी स्वयंको संलग्नतामा वा निजको सहमति, स्वीकृति, मञ्जूरी वा जानकारीमा उक्त ऐनअन्तर्गतको कसूरमा बोझबाहक साधनको प्रयोग भएको ठहरिएमा त्यस्तो साधन जफत हुनु कानूनसम्मत् मात्र नभई न्यायोचित र विवेकसम्मत् समेत हुने ।

वन ऐन, २०४९ को दफा ६६ को कानूनी प्रावधानको व्याख्या गर्ने क्रममा "वन पैदावार ओसारपसार गर्ने कसूरजन्य अपराधमा साधन प्रयोग हुनु नै कसूर हो । सवारी साधनको मालिकको मञ्जूरी होस् वा नहोस् त्यस्तो कार्यमा प्रयोग गरिएको कार्य नै

कसूर स्थापित हुने तथ्य नै पर्याप्त हुन्छ। वन ऐन, २०४९ को दफा ६६ मा भएको व्यवस्थाबमोजिम रू. १०,०००।- भन्दामाथि बिगो कायम भएपछि काठ ओसारपसार गर्ने कार्यमा प्रयोग भएको सवारी साधन जफत गर्नुपर्ने हुन्छ। ऐनले नै रू. १०,०००।- भन्दा माथिको बिगोमा प्रयोग भएको बोझबाहक साधन जफत गर्नुपर्ने व्यवस्था गरेकोले त्यसमा अदालतले स्वविवेक प्रयोग गरी जफत नहुने गरी ठहर गर्न मिल्दैन" भनी ने.का.प. २०६६ माघ पृष्ठ १७५१ नि.नं. ८२५४ को उपरोक्त मुद्दामा यस अदालतको संयुक्त इजलासले गरेको शाब्दिक व्याख्या फौजदारी न्यायको मान्य सिद्धान्त, प्रचलित अन्य कानूनमा रहेको समान सन्दर्भ र यस अदालतकै पूर्व निर्णयसमेतको प्रतिकूल भई तर्कपूर्ण, विवेकसम्मत र न्यायपूर्ण समेत देखिन नआएकोले उक्त सिद्धान्त कायम रहन नसक्ने।

इजलास अधिकृत: मातृकाप्रसाद आचार्य

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०६८ साल असार ३० गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** संवत् २०६२ सालको फौ.पु.नं.३६१७, ३६८४, ३६८५, ३६८६ र ३६८७, गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. रामाज्ञा चतुर्वेदी समेत, आशा चतुर्वेदी वि.नेपाल सरकार, रामाज्ञा चतुर्वेदी वि. नेपाल सरकार, रामाज्ञा चतुर्वेदी वि. नेपाल सरकार, सुश्री अदिती चतुर्वेदी वि. नेपाल सरकार*

जुन सम्पत्तिको स्रोत पुष्टि हुन नसकेको हो त्यस्तो सम्पत्ति आर्जन गर्दा हालको मूल्य तिरिने नभई तत्काल प्रचलित मूल्य नै लगानी भएको हुन्छ। प्रतिवादीको तत्समयको आयस्रोतका आधारमा आर्जित सम्पत्तिको स्रोत पुष्टि भए नभएको कुरालाई नै ऐनले कानूनी र गैरकानूनी आर्जन छुट्याउने मापदण्ड मानेको हुँदा त्यस्तो सम्पत्ति आर्जन गर्दा प्रतिवादीको स्रोत कति थियो र कति लगानी गरेको हो भन्ने कुराबाटै कसूर निर्धारण हुने र विगो कायम गर्नुपर्ने पनि हुन्छ। त्यसको लागि वादी पक्षले अन्यथा प्रमाणित गरेमा बाहेक कारोवारको लिखतमा उल्लिखित मूल्य वा तत्काल प्रचलित दरभाउलाई नै सम्पत्तिको मूल्य कायम गर्ने आधार बनाउँनु न्यायोचित हुने।

प्रत्येक वर्षको आम्दानी र खर्चको तुलनात्मक विवरणसहित निश्चित् र किटानी दावी लिनु पर्ने दायित्व भएको पुनरावेदक वादी पक्ष स्वयंम्ले सो कार्य गर्न नसकेको अवस्थामा अदालतको फैसलामा त्यस प्रकारको विश्लेषण आउन सकेन भनी जिकीर लिनु जिम्मेवारीपूर्ण तर्क हुन सक्दैन। वादी पक्षले त्यस हिसावले दावी लिन नसकेको र प्रतिवादीले अदालतमा बयान गर्दा समेत प्रत्येक वर्षको निजको आय स्रोत र खर्चको प्रष्ट चित्रण उल्लेख गर्न नसकेको अवस्थामा मुद्दाका पक्षहरूको कमी कमजोरीको कारणबाट सिर्जित परिस्थितिको दोष अदालतलाई लगाउनु न्यायोचित नहुने।

गैरकानूनी आर्जन तथा सोबाट बढेबढाएको सम्पत्ति जफत गर्नुपर्ने ऐनको दफा २०(२) र ४७ को कानूनी व्यवस्थाको प्रयोजनका लागिसम्म स्रोत खुलेको र नखुलेको सम्पत्ति निश्चित गर्नुपर्ने हुन आउँछ। अभियोग दावीमा स्रोत खुलेको र नखुलेको सम्पत्तिका सम्बन्धमा किटान नभएको अवस्थामा अदालतले न्यायिक विवेक प्रयोग गरी त्यस्तो वर्गिकरण गर्नुको विकल्प नभएकोले सो कुरामा प्रश्न उठाउनु उचित हुन नसक्ने।

अनुसन्धानको प्रक्रियालाई न्यायिक सुपरिवेक्षणमा राखी अनुसन्धानको क्रममा हुन जाने प्रक्रियात्मक त्रुटि वा वेरीत विरुद्ध न्यायिक उपचार तथा सुपरीवेक्षणको मार्ग प्रशस्त गरिरहेको देखिँदा सामान्यतया अनुसन्धानको क्रममा उठ्न सक्ने र उठाइनु पर्ने प्रश्नहरू मौकामा नै उठाइनु वा हेरिनु वाञ्छनीय हुने।

विशेष अदालतबाट फैसला भई हाल सो उपरको पुनरावेदनमा सुनुवाई हुने अन्तिम अवस्थामा आएर त्यस प्रकारका प्रारम्भिक प्रश्नहरू उठाउनु कानूनसम्मत् तथा न्यायिक प्रक्रियाको दृष्टिकोणबाट पनि उचित, सुविधाजनक र व्यावहारिक हुने देखिँदैन। अनुसन्धानको प्रक्रियामा रहन गएका भनिएका र सम्बन्धित अदालतबाट मौकैमा सुपरीवेक्षण भएका प्राविधिक प्रकृतिका अति सूक्ष्म विषयहरूलाई जुनसुकै तहसम्म उठाइएकै कारणबाट मुद्दाको विषयवस्तुभित्र अन्तर्निहीत रहेका मुख्य कानूनी र तथ्यगत प्रश्नहरू

ओझेलमा परेको वा तिनको सान्दर्भिकता कम भएको सम्झन र अर्थ गर्न नमिल्ने ।

दानबकसका सम्बन्धमा सारभूत कानूनी व्यवस्था मुलुकी ऐन, दानबकसको महलअन्तर्गत समावेश भएको पाइन्छ । यस महलमा समानान्तर रुपमा प्रयुक्त भएका दान र बकस भन्ने दुई शब्दावलीको अर्थ एकै हो वा फरक हो भन्ने सम्बन्धमा केही उल्लेख भएको नदेखिए तापनि ती शब्दहरूले एकै विषयलाई जनाउँको अवस्था होइन । दान भन्ने शब्दको सम्बन्ध धार्मिक मूल्य र मान्यतासँग अन्योन्याश्रित रहेको छ । खासगरी दाताले आफ्नो धार्मिक मान्यताअनुरूप पुण्य कमाउने अभिप्रायबाट आफ्नो सम्पत्ति दान दिने प्रचलन नेपाली समाजमा विद्यमान रही आएकोले यसलाई त्यही अर्थमा बुझ्न सकिन्छ । तथापि बकसपत्रको सन्दर्भ केही फरक रहेको छ । सेवा सुश्रुसा वा अन्य तरिकाबाट कसैको व्यवहारमा सहयोग पुऱ्याई रिझाएबापत बकसपत्रको माध्यमबाट सम्पत्ति दिने प्रचलन रहेको पाइन्छ । यसरी हेर्दा दान पाउने व्यक्तिले दाताप्रति कुनै दायित्व बहन गरेको वा गर्नुपर्ने स्थिति नहुने भई दाताको धार्मिक विश्वास परिपूर्तिको लागि निस्वार्थ रुपमा दान दिने र प्राप्त गर्ने क्रिया हुन्छ । तर बकसपत्रबाट सम्पत्ति प्राप्त गर्न सामान्यतया बकसपत्र पाउनेले दातालाई निजको व्यवहारमा कुनै तरहले सहयोग पुऱ्याएको वा सेवा गरी रिझाएको हुनु पर्ने स्थिति र अवस्थाको विद्यमानता अपरिहार्य हुन्छ । त्यसैगरी सम्पत्ति बकस दिनसक्ने दाताको हैसियत, बकसपत्र पाउनेको दातासँगको पारिवारिक, नाता र अन्य सम्बन्ध तथा व्यवहारिक पक्ष पनि बकसपत्रको अवधारणा अन्तर्गत स्वतः समेटिएको हुने ।

दाजुभाइहरू बीच रहेको आपसी व्यवहार र सम्बन्धका कारण बकस दिनसक्ने कुरा अस्वाभाविक नहुँदा त्यसलाई मान्यता नदिनुपर्ने कुनै कारण छैन । दाजुभाइहरू खेती किसानी गर्ने सामान्य व्यक्ति भएको र पुनरावेदक प्रतिवादी रामाज्ञा जागिरे भएकोले दाजुभाइहरूले निजलाई बकस दिएको अस्वाभाविक छ भन्ने वादी पक्षको पुनरावेदन जिकीर रहेको देखिए पनि दाजुभाइबीच हुनसक्ने आपसी व्यवहारका विविध पक्षहरूलाई दृष्टिगत नगरी हचुवा रुपमा त्यस्तो व्यवहारलाई गैरकानूनी सम्पत्ति लुकाउने उद्देश्यबाट नै गरिएको होला भनी अनुमान गर्नु न्यायोचित हुँदैन ।

आफूलाई प्रतिष्ठित र उच्च घरानाकी छोरी बुहारी भएको तथा माइतीबाट मात्र लाखौं रुपैया दाइजो पेवा पाएको भनी जिकीर लिने निज प्रतिवादीले उनाउँ व्यक्तिको व्यवहारमा सहयोग पुऱ्याइ रिझाउनु पर्नेसम्मको आधार र अवस्था नहुँदा आशा चतुर्वेदीले पाएको भनिएको उपरोक्त बकसपत्रको ब्यवहार समेत यथार्थमा बकसपत्र नै हो भन्ने कुरा विश्वसनीय देखिन आउने ।

सार्वजनिक जिम्मेवारीको पदमा रही प्रतिवादीले गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति लुकाउने नियतले बकसपत्रको माध्यमबाट आफू तथा श्रीमती र छोरा छोरीको नाममा सम्पत्ति खरीद गरेको भन्ने अभियोग लागि विशेष अदालतबाट समेत सो दावी ठहर भएको अवस्थामा उक्त कुराको तथ्ययुक्त र खण्डन सहितको ठोस आधार पुनरावेदनपत्रमा उल्लेख गर्नु पर्नेमा सो गर्न सकेको पाइएन । राजीनामा वा बकसपत्र सम्पत्ति हस्तान्तरणको माध्यमसम्म हो । कानूनले दिन पाउने हदसम्म राजीनामा वा बकसपत्र जुनसुकै व्यहोराले हक हस्तान्तरण गर्नु कानूनसम्मत् हुन्छ । देवानी मुद्दामा सम्पत्ति हस्तान्तरणको क्रियाबाट कसैको हक गए नगएको कुरालाई मुख्य रुपमा हेर्ने गरिन्छ । साथै सम्पत्ति प्राप्त गर्ने कुरामा प्राप्तकर्ताको निजी ज्ञान, सीप वा प्रयासले सो सम्पत्ति प्राप्त गरेको हो, होइन र अन्य कसैलाई बण्डा गर्नुपर्ने नपर्ने विषयमासम्म निर्णय निरोपण हुने गर्दछ । तर बकसपत्र प्राप्त गर्ने कार्य कानूनविपरीत हुँदैन भन्ने कुराको आडमा गैरकानूनी आर्जनलाई लुकाउने माध्यमको रुपमा यस्तो व्यवहारलाई सदैब मान्यता दिइनु पर्दछ भन्ने तर्क पनि न्यायोचित हुन सक्दैन । अतः पुनरावेदक प्रतिवादीहरूले उनाउँ व्यक्तिहरूबाट बकसपत्रको माध्यमबाट हक हस्तान्तरण गराई लिएका उपरोक्त जग्गाहरू यथार्थमा बकसपत्र प्राप्त गरेको नभै मूल्य तिरी खरीद गरेको हुँदा सोको स्रोत खुलाउनु पर्दछ भन्ने विशेष अदालतको निष्कर्षलाई अन्यथा भन्न नमिल्ने ।

विगत लामो अवधिको कृषि आयको दावी लिइएको यस स्थितिमा प्रतिवादीका के कुन जग्गामा के कुन सालमा के कस्तो प्रकृतिको बाली लगाइएको थियो, त्यसबाट के कति परिमाणमा उब्जनी भएको थियो र निजले सोबापत के कति रकम प्राप्त गरेको हो भन्ने कुरा हाल आएर ठोस रुपमा यकीन गर्ने कार्य

निश्चय पनि सजिलो छैन । अपितु स्रोत देखिन्छ भने त्यसबाट आय प्राप्त हुने कुरालाई सहजै इन्कार गर्न न्यायोचित नहुने हुँदा यस विषयलाई विवेकसम्मत् निष्कर्षमा पुऱ्याउनै पर्ने ।

अमुक मुद्दामा प्रति विगाहा यति कृषि आयलाई मान्यता दिइएको छ भन्ने कुरा तथ्यगत मात्रै हुन सक्दछ । के कुन दावी र जिकीरको सन्दर्भमा के कुन आधारमा त्यस्तो दावी लिइएको थियो के कस्तो कानूनी र तथ्यगत आधारमा अदालतले त्यसलाई मान्यता दिएको थियो भन्ने कुरा प्रष्ट हुने फैसला लगायतका प्रमाण प्रतिवादी पक्षबाट आउन सकेको छैन । केवल मौखिक जिकीरलाई भर गरी निष्कर्षमा पुग्न नसकिने ।

व्यक्तिगत मागको आधारमा दिइएका भनिएका सिफारिशहरूलाई न्यायिक परीक्षण नगरी सीधै मान्यता दिनुपर्ने भन्ने प्रतिवादी पक्षको जिकीर पनि उचित देखिँदैन । न्यायिक प्रक्रियामा प्रमाण बुझ्ने तथा प्राप्त प्रमाण ग्रहण गर्ने सम्बन्धमा निश्चित कानूनी आधार र न्यायिक मापदण्डहरू रहेका छन् । त्यसको विपरीत जुनसुकै प्रक्रियाबाट मिसिलमा समावेश हुन आएका कुरालाई प्रमाणको रुपमा मान्न र त्यसको आधारमा कुनै पनि न्यायिक निष्कर्षमा पुग्न सम्भव हुँदैन । त्यसैले प्रतिवादीको व्यक्तिगत प्रयासमा निजलाई दिएको भनिएको उक्त सिफारिशलाई कुनै परीक्षण विना अदालतले सीधै प्रमाणको रुपमा स्वीकार गर्नुपर्ने बाध्यता छैन भने कानूनी रुपमा प्रमाणमा ग्रहण गर्न नमिल्ने ।

कुत निर्धारण गर्दा सो जग्गामा मोहीको तर्फबाट पर्न जाने श्रम, मल, बीउ लगायतका लगानी समेतलाई विचार गरी बचत हुने खुद आयलाई कुत प्रयोजनको लागि कायम गरिएको अनुमान गर्नुपर्ने ।

केवल शपथपत्र पेश गरेकै भरमा स्वतः स्रोत पुष्टि भएको मान्न मिल्दैन । वस्तुतः शपथ पत्रबमोजिम सम्पत्ति प्राप्त भएको भन्ने जिकीर लिएर मात्र पुग्दैन, त्यसको लागि त्यस्तो जिकीर लिनेले नै त्यसरी पाएको भनिएको सम्पत्तिको भौतिक अवस्थिति वा अस्तित्व पनि देखाउन वा प्रमाणित गर्न सक्नु पर्दछ । अझ शपथपत्रको माध्यमबाट विदेशमा सम्पत्ति पाएको भनी जिकीर लिने पक्षले त्यस्तो सम्पत्ति आफ्नो मुलुकमा के कुन मितिमा, के कुन माध्यमबाट आएको, जम्मा भएको, सटही भएको हो सो सबै कुराको कारोवार (Transaction) प्रमाणित हुने आधारसहित पुष्टि गर्नुपर्ने हुन्छ । त्यति ठूलो रकम अन्य प्रक्रियाबाट नेपाल ल्याएको भन्ने कुरा स्वाभाविक मान्न नसकिने हुँदा बैंकिङ्ग वा वित्तीय प्रणाली लगायतका औपचारिक माध्यमबाट रकम ल्याइएको प्रमाणित हुनु वाञ्छनीय हुन्छ । अतः अन्य तथ्य वा कारोवारबाट समर्थित नभएको शपथपत्रको स्रोतलाई मान्यता दिन नमिल्ने ।

वस्तुतः अमूर्त रुपमा कसैलाई उच्च जीवनशैली बिताएको भनी आरोप लगाउनु मात्र पर्याप्त हुँदैन । यस्तो आरोप प्रमाणित हुनका लागि निश्चित वस्तुगत आधारहरूको उपस्थिति पनि अपरिहार्य हुन्छ भन्ने कुरामा विमति हुन नसक्ने ।

गैरकानूनी आर्जन वा भ्रष्टाचारको सन्दर्भमा उच्च जीवन यापन गरेको भन्ने प्रश्न उठ्छ भने निःसन्देह रुपमा त्यसको प्रत्यक्ष सम्बन्ध अन्य कुरामा भन्दा मौद्रिक वा आर्थिक गतिविधि वा क्रियाकलापसँग जोडिएको भौतिक विषयसँग रहेको मान्नु पर्ने हुन्छ । त्यसैले अस्वाभाविक तथा उच्च जीवनस्तर यापन गरेको भनी ऐनमा प्रयुक्त भएको उक्त वाक्यांशले कुनै राष्ट्रसेवकले प्राप्त गर्ने वैध आयस्रोतको तुलनामा अमिल्दो वा नसुहाउने तथा धान्न नसक्ने जीवनस्तर यापन गर्ने वा गरेको कुरालाई ईंगित गरेको सम्झनु पर्ने ।

खास गरी कुनै पनि राष्ट्रसेबकसँग रहेको चल अचल सम्पत्ति, निजले शिक्षा स्वास्थ्य आदिमा गरेको लगानी, सार्वजनिक जवाफदेहीताको पदमा रहँदा गरेको आर्थिक कारोवार, विभिन्न प्रकृतिका खर्च, रहनसहन आदि तत्वहरूको समष्टिमा नै उच्च जीवनशैलीको मापन गर्नुपर्ने हुन आउँछ । एकै पटक कसैको पनि जीवनस्तर उच्च हुने वा भएको भन्ने कुरा स्वाभाविक मान्न सकिदैन । विगतमा गरिएको विभिन्न प्रकृतिका स्रोत साधनको लगानी वा खर्चको परिणामस्वरुप नै उच्च जीवनस्तर हासिल हुने कुरा अनुमान गर्नु स्वाभाविक हुन्छ । त्यसैले उच्च जीवन यापन गर्ने क्रममा विगतमा अस्वाभाविक रुपमा खर्च गरिएको देखिन्छ भने हाल विद्यमान नरहेकै कारणबाट त्यस्तो खर्च वा लगानीको स्रोत प्रमाणित गर्नु पर्दैन भन्ने अर्थ गर्दा उच्च जीवन यापन गरेको कुरालाई गैरकानूनी आर्जनको आधारका रुपमा लिइएको ऐनको व्यवस्था नै निष्क्रिय बन्न जाने ।

हाल साथमा नरहेको (Non-possession) भन्नेसम्मकै आधारमा विगतमा अस्तित्व प्रमाणित भई

राष्ट्रसेवकको आयको तुलनामा अमिल्दो र अस्वाभाविक तथा निजको जीवनस्तर उच्च बनाउँने स्रोतहरूको खोजी गर्न नमिल्ने

भ्रमणभत्ताबापत प्राप्त गरेको र बचत भएको रकम समेत खुलाई बयान भएको देखिँदा हाल आएर बयानको विपरीत प्राप्त भएजति सबै रकम बचत भएको भनी जिकीर लिन मिल्दैन। विदेश भ्रमण गरेबापत प्राप्त भएको दैनिक भ्रमण भत्ताको रकममध्ये अमेरिकी डलर २१००। मात्र बचत भएको हो भनी प्रतिवादीले अदालतसमक्षको बयानमा स्वीकार गरेको हुँदा विशेष अदालतले सोही रकमलाई प्रतिवादीको आय स्रोतमा गणना गरेको अन्यथा देखिएन। भ्रमण भत्ताबाट प्राप्त हुने सबै रकम बचत हुन्छ भन्ने अनुमान गर्न नमिल्ने।

साझेदारी उद्योगको नाममा रहेको बैंक खाताबाट साझेदार सञ्चालकहरूले विभिन्न उद्देश्य वा उद्योगकै नियमित कार्य सञ्चालनका लागि रकम निकाल्ने कार्य स्वाभाविक हुने हुँदा मुनाफा बापत रकम झिकिएको भन्ने व्यहोरा उल्लेख भएको अवस्थामा बाहेक उद्योगको खाताबाट सञ्चालक साझेदार समेत रहेकी प्रतिवादी आशा चतुर्वेदीले निकालेको सम्पूर्ण रकम मुनाफाबापतको हो भनी अनुमान गर्न मिल्ने अवस्था हुँदैन। त्यसमा पनि प्रतिवादीले दावी लिएबमोजिमको मुनाफा रकम साझेदारहरू बीच बाँडफाँड भएको भन्ने कुराको कुनै निर्णय वा आधिकारिक लिखत पुनरावेदक प्रतिवादी पक्षबाट दिन वा गुजार्न सकेको पनि पाइदैन। आफूले कर फछ्र्यौट गर्नुपर्ने दायित्व भएका अवस्थामा कम आय देखाई सम्पत्तिको स्रोत देखाउनु पर्ने अवस्थामा बढी आय देखाइएबाट त्यस्तो भनाइमा विश्वास गर्न सकिँदैन। त्यसैले कर फछ्र्यौट वा लगतकट्टा प्रयोजनको लागि मौकामा कर कार्यालयमा पेश गरेको विवरण मौजुद हुँदाहुँदै सोको विपरीत हुने गरी पछिबाट पेश गरिएका लेजर वा वासलात बमोजिमको कारोवारको अङ्कलाई मान्यता दिन नमिल्ने।

मानो छुट्टिँदा चल सम्पत्ति समेत बण्डा गरेको नदेखिएको र चल सम्पत्ति घरसारमा बुझेको कुरालाई पारित बण्डापत्रले समर्थन गरेको मान्नुपर्ने।

खाताको रकम ब्याजबापतको भएकोले त्यसको स्रोत दिनुपर्ने होइन भनी जिकीर लिनको लागि त्यसको मूलधन बैध थियो भन्ने तथ्य पुष्टि गर्न सक्नुपर्ने हुन्छ। तत्काल खातामा नरहेको कारणले मूलधनउपर दावी भएन भन्दैमा ब्याज स्वतः बैध भएको भनी अर्थ गर्न नमिल्ने।

इजलास अधिकृतः नारायण सुवेदी

इति संवत् २०६८ साल भदौ २१ गते रोज ४ शुभम्

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. २०६५-WO-०८३१, उत्प्रेषणयुक्त परमादेश समेत, *दीपेन्द्रकुमार यादव वि. सशस्त्र प्रहरी बल, दन्तकाली गण, बरमझिया सप्तरी समेत*

बिदा स्वीकृति नगराई लगातार पन्ध्र दिनसम्म गैरहाजिर भएमा मात्र त्यस्तो सशस्त्र प्रहरी कर्मचारीलाई सोही आधारमा सेवाबाट हटाउनेतर्फ कारवाही गर्न सकिने भनी व्यवस्था गरिरहेको अवस्थामा गण छाडी गएको चौथो दिनमा नै जिल्ला प्रहरी कार्यालय, सप्तरीमार्फत् भगौडातर्फ कारवाही गरिने भन्ने पत्र पठाई सोही पत्रबाट निवेदकलाई सूचना दिएको मानी सेवाबाट हटाउने निर्णय गरिएको देखिँदा उक्त निर्णय सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ८७(१) को देहाय (छ) को व्यवस्थाअनुकूल भएको देखिन नआउने।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल असार ३० गते रोज ५ शुभम्।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** दे.पु.नं. ०६५-CI-०८३२, अंश चलन, *प्रेमबहादुर तामाङ्ग वि. वीरे तामाङ्ग*

वादीका बाबुसँग पहिले नै छुट्टी भिन्न भएको भए प्रतिवादीले यी वादीलाई अंशबापत केही नगद तथा काठमाडौंमा घरजग्गा समेत किनिदिने भनी भनिरहनु पर्ने अवस्था देखिँदैन। यस स्थितिमा वादीका पिताकै जीवनकालमा यी प्रतिवादी छुट्टिएको भन्ने निजको प्रतिउत्तर एवं पुनरावेदन जिकीर पुष्टि हुन सक्तैन। तसर्थ वादीले प्रतिवादीबाट पैतृक सम्पत्तिमध्ये २ भागको १ भाग अंशबापत छुट्ट्याई लिन पाउने।

विवादित घरजग्गा भारतमा गई आफूले निजी तवरले आर्जन गरेको एवं श्रीमती टासी पेमा तामाङ्गले आर्जन गरेको नगद समेतबाट किनेको हुँदा बण्डा

लाग्ने होइन भनी जिकीर लिएको देखिए तापनि प्रतिवादी र निजको श्रीमतीले निजी तवरले आर्जन गरेको भन्ने देखिने विश्वसनीय प्रमाण पेश गर्न वा निजी आर्जनको स्रोत यकीनका साथ पुष्टि गर्न सकेको देखिँदैन । वादीले पेश गरेको तायदातीबाट विवादित घरजग्गा बाहेक अन्य कुनै अबण्डाको सम्पत्ति रहे भएको पनि देखिँदैन भने प्रतिवादीले आफूसँग बण्डा गर्नुपर्ने कुनै सम्पत्ति नरहेको भनी तायदाती पेश गरेको देखिन्छ । विवादको घरजग्गाबाहेक बण्डा लाग्ने अन्य पैतृक सम्पत्ति रहेको भए प्रमाणसहित त्यसको पुष्ट्याई गर्दै प्रतिवादीले समेत तायदातीमा देखाउन सक्नुपर्दछ । प्रतिउत्तरमा पैतृक सम्पत्ति वादीका दाजु कृते तामाङ्गले भोग चलन गरिआएको भने पनि तायदातीमा सोको उल्लेखसम्म गर्न सकेको देखिँदैन । यस्तो स्थितिमा प्रतिवादीको श्रीमती टासी पेमा तामाङ्गको नाउँमा स्रेस्ता कायम रहेको कि.न. १११ को जग्गा र सोमा बनेको पक्की घर-१ समेत वादी प्रतिवादीको सगोलकै सम्पत्ति मान्नुपर्ने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल असार २९ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- दे.पु.नं. २०६५-CI-०८३३, अंश छोडपत्र लिखत बदर, *प्रेमबहादुर तामाङ्ग वि. वीरे तामाङ्ग*
- दे.पु.नं. २०६७-CI-११६८, लिखत बदर, *टासी पेमा तामाङ्ग समेत वि. वीरे तामाङ्ग*

## इजलास नं. १

१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६६ सालको रिट नं. ०६६-WO-००६२, परमादेश समेत, *कमल निओल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

सम्मानपूर्वक बाँच्न पाउने हकअन्तर्गत बिरामी पर्दा राज्यद्वारा सञ्चालित सरकारी अस्पतालबाट स्वास्थ्य उपचार पाउने प्रत्येक नागरिकको मौलिक हक हो भने सरकारी अस्पतालबाट नागरिकलाई उपचार दिलाउने सरकारको कर्तव्य हुने ।

नेपाल राज्यको भौगोलिक अवस्थाअनुसार समय र मौसमअनुसार विभिन्न भौगोलिक क्षेत्रमा बेला बेलामा देखा पर्ने Epedemic अनुसारको रोगको लागि सरकार र अस्पताल बेलैमा चनाखो भई बिरामीको उपचारको लागि अस्पताल तयारी अवस्थामा रहनै पर्छ । यदि नियन्त्रण र उपचार गर्न सकिने रोग पनि समयमा डाक्टर नहुनाले वा औषधि उपलब्ध नहुनाले नागरिकहरू मर्छन् भने सरकारले त्यसका जिम्मा लिनु पर्ने ।

जुनसुकै रोगबाट पनि नागरिकले उपचारको अभावमा Right to Life को हकबाट बञ्चित नहुन स्वास्थ्योपचारसम्बन्धी औषधिलगायत सरकारले अन्य आवश्यक व्यवस्था गरी सम्भावित जुनसुकै प्रकारको Epidemic लाई Cope गर्न सरकार सदा तयारी हालतमा रहन पर्छ । यस्तो संवैधानिक कर्तव्यबाट सरकार पन्छिन नसक्ने ।

औषधोपचार सेवा अत्यावश्यकीय सेवा हो । प्रत्येक नागरिक बिरामी मात्र होइन उपभोक्ता समेत हुन् । अस्पताल र डाक्टरले बिरामी जनतालाई आफ्नो सेवा बिक्री गरेको हो । त्यसैले नागरिक जो बिरामी पनि हो र सेवाग्राही उपभोक्ता पनि हो, बिरामी हुँदा त्यस्तो उपभोक्ता औषधि र सेवा नपाई मर्छ भने त्यसको जिम्मा सरकारले लिनुपर्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६७ साल असोज २१ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको WO-०६९५, प्रतिषेध, परमादेश, *सुरेन्द्रप्रसाद कानू समेत वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत*

शिक्षा क्षेत्रका सम्बन्धमा शिक्षा मन्त्रालयबाट सहसचिवको संयोजकत्वमा मिति २०६५।९।१३ मा कार्यदल गठनभै सो कार्यदलले मिति २०६५।११।१६ मा प्रतिवेदन प्रस्तुत गरेको पाइन्छ । सरकारले कुनै समस्या समाधान सम्बन्धमा अध्ययन गरी उचित समाधानको सुझाव पहिल्याउन कार्यदल गठन गरेको देखिन्छ । कार्यदलले सरोकारवालासँग छलफल गरी ऐन कानूनका आधारमा तत्काल र भविष्यमा चाल्नुपर्ने कदम हक सुझाएको हुन्छ । सो प्रतिवेदनमा लेखिएका कुराहरू विद्यमान

कानूनअनुसार कार्यान्वयन हुनसक्ने कुराहरू आधिकारिक निकायले कार्यान्वयन गर्दछ र कानूनको अभावमा कार्यान्वयन हुन नसक्ने कुराहरू कानून नबनाई कार्यान्वयन नै हुन सक्दैन । कार्यदलको प्रतिवेदन नै नभएको अवस्थामा पनि कानूनबमोजिमका कुरा स्वतः कार्यान्वयन हुन सक्ने नै हुन्छ । प्रतिवेदनमा के कुरा पर्‍यो भन्ने कुराले निर्णय गर्न कार्यान्वयन गर्ने अधिकारीलाई सहयोग पुग्न सक्छ तर स्वयं प्रतिवेदनले कानूनले नचिनेका वा मान्यता नदिएका कुराहरू प्रतिवेदनमा पर्दैमा कानूनले मान्यता नदिएसम्म सो कुरा सन्दर्भ सामग्री मात्र हुनसक्छ । प्रतिवेदनले स्वयं कानूनसरहको स्थान लिन सक्तैन । जुन कुरा नेपाल सरकार शिक्षा मन्त्रालयको लिखित जवाफमा स्पष्ट रूपमा स्वीकारिएको देखिन्छ । यस स्थितिमा प्रतिवेदनमा उल्लिखित के कुन कुराले के कस्तो हक अधिकारमा आघात पुर्‍यायो भन्ने कुरा निवेदकले प्रमाणित गर्न नसकेको स्थितिमा निवेदन दावीबमोजिम रिट जारी हुनसक्ने नदेखिँदा रिट निवेदन खारेज हुने ठहर्छ । उक्त प्रतिवेदनमा उल्लिखित कानूनसम्मत् कुरा मात्र कार्यान्वयन गर्नु, कानून प्रतिकूल कुनै प्रावधान भए सोले मान्यता नपाउने हुँदा कार्यान्वयन नगर्नु भन्ने शिक्षा मन्त्रालयको नाउँमा निर्देशात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६७ साल माघ २३ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको WO-०४९७, प्रतिषेध, परमादेश, *सुरेन्द्रप्रसाद कानू समेत वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत*

सामुदायिक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति गठन हुने व्यवस्था शिक्षा ऐन, २०२८ को दफा १२ मा देखिन्छ । दफा १२ को उपदफा (१) को खण्ड (१) को खण्ड (च) मा उक्त व्यवस्थापन समितिमा शिक्षक प्रतिनिधि हुने प्रावधान छ । त्यसै गरी प्रधानअध्यापक सदस्यसचिव हुने देखिन्छ । तर उक्त समितिमा विद्यालयका कर्मचारी प्रतिनिधि हुने व्यवस्था देखिँदैन । प्रधानअध्यापक कर्मचारी तथा प्रधानअध्यापकहरूको समेत प्रमुख मानिन्छन् । विद्यालयका प्रधानअध्यापककै प्रतिनिधित्व भएको अवस्थामा कर्मचारीको प्रतिनिधित्व नै भएन भन्ने अर्थ गर्न मिल्दैन । उक्त विद्यालय व्यवस्थापन समितिमा को कसले प्रतिनिधित्व गर्ने र कर्मचारीको प्रतिनिधित्व त्यहाँ आवश्यक हुन्छ हुँदैन भन्ने कुरा नितान्त ऐन कानून बनाउने Legislative Domain अन्तर्गतको विषय हो । यस्तो विषयमा अदालतको हस्तक्षेपको अपेक्षा गरिदैन । यस्तो स्थितिमा विद्यालय व्यवस्थापन समितिमा कर्मचारीलाई समेत सहभागी गराउने गरी कानूनी व्यवस्था गर्नु भनी आदेश गर्न मिल्ने नदेखिदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६७ साल माघ २३ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको रिट नं. ०२३५, उत्प्रेषणयुक्त परमादेश, *मुहम्मद अली मुसलमान वि. रामलक्षिमन पाण्डे समेत*

कुनै पनि कामकारवाही र निर्णयमा चित्त नबुझ्ने पक्षलाई कानूनले स्पष्ट पुनरावेदन गर्न पाउने अधिकार प्रदान गरेको अवस्थामा सोही मार्ग नै अवलम्बन गरी न्यायिक परीक्षण गराउनु पर्ने हुन्छ । पुनरावेदनको वैकल्पिक उपचार सुनिश्चित भएकोमा पुनरावेदनको मार्ग अपनाउने वा रिटक्षेत्र अपनाउने भन्ने छनौट गर्न पाउने अवस्था हुँदैन । साधारण अधिकारक्षेत्रअन्तर्गतको पुनरवेदन गर्न पाउने अवस्थामा असाधारण अधिकारक्षेत्रमा प्रवेश गर्न नमिल्ने ।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल जेठ ५ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको रिट नं. WO-०३२४, उत्प्रेषणयुक्त परमादेश समेत, *नैनकला थापा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

राष्ट्रिय महिला आयोगको अध्यक्ष र सदस्यको पद राजनीतिक पद नभएको र निवेदिकाको पद रिक्त हुने अवस्था विद्यमान नभएको स्थितिमा ऐनले नै समयावधि निर्धारण गरेको अवस्थामा आफैँले नियुक्त गरेको पदाधिकारीलाई तोकिएको पदावधिको समयसम्म काम गर्न दिनुपर्ने हुन्छ । यस्तो अवस्थामा काम गर्न नदिई हटाउनु औचित्य र उपयुक्त समेत हुँदैन । विवादित

पद सरकार परिवर्तन हुनासाथ व्यक्ति परिवर्तन गर्ने प्रकृतिको पद भएको भए सोही कुरा विधायिकाले ऐनमा नै प्रष्ट रूपमा राख्ने थियो, ऐनमा त्यस्तो व्यवस्था भएको देखिँदैन । कानूनी राज्यको सिद्धान्तको अनुशरण गर्ने हो भने राज्यको कानूनले जे जस्तो व्यवस्था गरेको छ सबैले सो कुराको पालना गर्नुपर्ने हुन्छ । राष्ट्रिय महिला आयोग ऐन, २०६३ को दफा ७ को प्रक्रिया अवलम्बन गरी नेपाल सरकारले (मन्त्रिपरिषद्) मिति २०६४।५।१३ मा निर्णय गरी सो अनुसार निवेदिकालाई महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले मिति २०६४।५।१९ मा राष्ट्रिय महिला आयोगको अध्यक्ष पदमा नियुक्ति दिएको र त्यस्तो नियुक्त पदाधिकारीको कार्यकाल ४ वर्षको हुने ऐनमा व्यवस्था भएको सन्दर्भमा सो व्यवस्थालाई उल्लंघन गरी सरकारले मिति २०६६।६।२१ मा निवेदिकालाई अवकाश दिने निर्णय गरी सोअनुसार गर्न महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयमा पत्राचार गरेको र मन्त्रालयको पत्रअनुसार आयोगले निवेदिकालाई मिति २०६६।६।२९ मा दिएको जानकारी पत्र कानूनसम्मत् नदेखिने ।

विशेष कानूनमा यस सम्बन्धमा कुनै कानूनी व्यवस्था नगरेको स्थितिमा नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को व्यवस्था सामान्य रूपमा उल्लेख गर्न सान्दर्भिक हुन्छ । तर विशिष्ठ परिस्थिति र विशेष कानूनले कुनै पदको समयावधि किटान गरेको अवस्थामा सो पदमा नियुक्त व्यक्तिलाई सामान्य कानूनको व्यवस्था उल्लेख गरी विशेष कानूनमा गरेको कानूनी व्यवस्थाको उपहास गर्न नमिल्ने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल बैशाख २५ गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६६ सालको रिट नं. WO-०३२५, उत्प्रेषणयुक्त परमादेश समेत, *धनकुमारी सुनार वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६६ सालको रिट नं. WO-०३२६, उत्प्रेषणयुक्त परमादेश समेत, *मञ्जूकुमारी यादव चौधरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६६ सालको रिट नं. WO-०३२७, उत्प्रेषणयुक्त परमादेश समेत, *अमुदा श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

६

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको रिट नं. WO-०६९३, उत्प्रेषणयुक्त परमादेश समेत, *पुष्पराज पाठक समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

कम्पनी नै नाजुक अवस्थामा पुगी कम्पनी सञ्चालन गर्न नसकिने अवस्थामा कामदार कर्मचारीको सेवाको आवश्यकता नभएको भन्न नपाउने वा कम्पनी सञ्चालन गर्न नसकी खारेज गर्नुपर्ने भएमा वा कम्पनी बन्द भएको अवस्थामा पनि कामदार कर्मचारीहरूलाई काम नगराई तलव भत्ता दिई रहनुपर्छ भन्ने तर्क औचित्यपूर्ण नहुने ।

कम्पनी, कारखाना सञ्चालन हुन नसकी बन्द भएको अवस्थामा त्यसमा कार्यरत् कर्मचारीहरूलाई नियमानुसार सुविधा दिई अवकाश दिन पाउने नै हुँदा स्वेच्छिक अवकाश दिन मिल्ने ।

बेग्लाबेग्लै परिस्थिति र अवस्था भएका कर्मचारीहरू बीच बेग्लाबेग्लै व्यवहार गर्नु नै समानता हुन जाने ।

समयमा उपचार खोज्न नआए रिट निवेदनमा उपचार प्राप्त नहुन सक्छ । यसैलाई बिलम्बको सिद्धान्त (Principle of Laches) भनिन्छ । विलम्बको सिद्धान्त समन्याय (Equity) को सिद्धान्त हो । आफ्नो हक अधिकारको खोजीमा अनुचित बिलम्ब गर्ने वा गलत निर्णय वा काम कारवाहीबाट असर पर्ने व्यक्तिको समयमा नै न्यायिक उपचारको मार्ग अवलम्बन गर्नुपर्ने ।

यी निवेदकहरूलाई खाली हात अवकाश दिई घर पठाइएको नभै कारखाना बन्द हुँदासम्मको अवधिलाई सेवा गरेको अवधि मानी Cut of Date निर्धारण गरी सो अवधिसम्मको नियमानुसार पाउने तलब भत्ता सुविधा र काम गरेको प्रतिवर्षको लागि १ महिनाको शुरू तलवको रकमको दरले जम्मा नोकरी अवधिको पाउने रकम थप सुविधा दिने स्वेच्छिक अवकाश योजनाअन्तर्गत निवेदकहरूलाई हिमाल सिमेण्ट कम्पनीले स्वेच्छिक अवकाश दिएको देखिँदा शर्त स्वीकार गरी निवेदन दिई स्वेच्छिक अवकाश लिने र सो बापत पाउने तलव सुविधा समेत लिई

कम्पनीसँगको लिनुदिनु फरफारक गरी गराइसकेको अवस्थामा ५ वर्षपछि हाल आएर पुनः स्वेच्छिक अवकाश नलिने बेग्लै प्रकृति र अवस्थाका अन्य ३२ जना कर्मचारीहरूले २०६५ साल असारसम्मको सुविधा पाए भन्ने आधारमा निवेदन गरेको देखिँदा यी निवेदकहरू र अन्य ३२ जना कर्मचारीहरूको स्थिति समान नहुँदा निजहरूको जस्तो गरी यी निवेदकहरूले २०६१ साल चैत महिनासम्मको तलवभत्ता सुविधा पाउन नसक्ने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ बैशाख २९ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको रिट नं. ००९०, उत्प्रेषणयुक्त परमादेश, *बासुदेवचन्द्र मल्ल वि. रक्षा मन्त्रालय समेत*

निवेदकहरूलाई निजको वतनमा खोजतलास नगरी प्राकृतिक न्यायको सिद्धान्तविपरीत सजाय भएकोले Procedural Error भएको र निवेदक भागेको नभई बिदा नलिई अनुपस्थित भई गयलसम्बन्धी कसूर गरेकोमा भगौडासम्बन्धी कसूरमा सजाय गरेकोले मिति २०६७।२।९ को समरी सैनिक अदालतको निर्णय र सोलाई सदर गरेको मिति २०६७।४।९ मा पुनरावेदन समितिले दुबै निर्णयहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकलाई कारवाही र सजाय गर्नुपर्ने कारण खोली आरोप समेत उल्लेख गरी स्पष्टीकरण मागी पुनः निर्णय गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेश जारी हुने ।

नेपाली सेनाका कुनै पनि तहका अधिकृत वा जवानलाई सैनिक ऐन, २०६३ बमोजिम कारवाही र सजाय गर्न पर्दा सम्बन्धित व्यक्ति सम्पर्कविहीन अवस्थामा भएमा निजको सिटरोल वा सेनामा प्रवेश गर्दा निजले उल्लेख गरेको ठेगानामा म्याद तामेल गरी वा पत्र पठाई सम्बन्धित व्यक्ति वा घर परिवारका कुनै सदस्यलाई बुझाई वा सार्वजनिक पत्रपत्रिकामा कारवाही गर्नु परेको सार्वजनिक सूचना प्रकाशन गरेर मनासिब समय प्रदान गरी दिइएको समयभित्र पनि सम्पर्कमा नआई स्पष्टीकरण पेश नगरेमा कानूनमा तोकिएको अधिकारीले कारवाही गर्नुपर्ने भन्ने पनि जानकारी गराउनु पर्ने ।

इजलास अधिकृतः दीपक खरेल

इति संवत् २०६८ साल जेठ २ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको रिट नं. ०११२, उत्प्रेषणयुक्त परमादेश, *श्यामकिशोर यादव वि. जिल्ला प्रहरी कार्यालय, पर्सा वीरगञ्ज समेत*

विभागीय कारवाहीका सम्बन्धमा न्यायिक पुनरावलोकन गर्दा आरोपित व्यक्तिसँग स्पष्टीकरण माग गरे नगरेको, कानूनमा तोकिएको अधिकारीले नै कारवाही गरे नगरेको, कारवाही गर्ने अधिकारीमा निवेदकप्रति खराब भावना भए नभएको र कारवाही गर्न उचित र पर्याप्त कारण भए नभएको भन्नेसम्म मात्र हेरिन्छ सो बाहेक अरू नहेरिने ।

आफू एक प्रहरी कर्मचारी भएकोमा प्रहरी ऐन र नियमावलीले निर्दिष्ट गरेको कर्तव्य, अनुशासन, आदेश पालना जस्ता कुराहरू निवेदकले पालन गर्नुपर्ने दायित्व निवेदकको रहे भएकोमा निजले आफू बिरामी भएको भन्ने व्यहोरा अख्तियारवालालाई समयमा जाहेर नगरी कर्तव्य पालन गर्नुपर्ने विषयसँग सम्बन्धित तालिममा मनोनयन भइसकेपश्चात् अनुशासनहीन भई लापरवाही गरी आदेश र निर्देशनको उल्लंघन गरेको भन्ने आधारमा निवेदकलाई नसिहत दिई अभिलेख जनाउने गरी अख्तियारवालाद्वारा गरिएको विभागीय कारवाहीबाट निवेदकको कुनै हक हनन् नभएको र अख्तियारवालाबाट भएको विभागीय कारवाही गैरकानूनी समेत नदेखिएकाले रिट जारी गर्नु नपर्ने ।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः मन्जिता ढुंगाना

इति सवत् २०६८ साल जेठ २ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६४ सालको रिट नं. ०९९०, उत्प्रेषणयुक्त परमादेश, *सत्यनारायण आचार्य समेत वि. तुल्सीनारायण आचार्य समेत*

रिट निवेदक विरूद्ध विपक्षी ज्ञानीशोभाको जाहेरी परेको केही सार्वजनिक अपराध मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची नं. १ अन्तर्गतको सरकारवादी मुद्दा भएको र यिनै पक्ष विपक्षले एक अर्का विरूद्धमा चलाएको कुटपीट लुटपीट मुद्दा उल्लिखित अनुसूचीअन्तर्गतको नभई दुनियावादी फौजदारी प्रकृतिको मुद्दा देखिन आउँछ । उल्लिखित

लुटपीट, कुटपीटको फिराद दावीमा कुटपीटमा हदैसम्मको सजाय र जरीवाना गरी घा खर्च तथा लुटपीटको बिगो समेत भराई पाऊँ भन्ने माग दावी रहेको देखिन्छ । यसरी एउटा मुद्दा अनुसूची १ अन्तर्गत सरकारवादी भई चल्ने मुद्दा र अर्को दुनियावादी फौजदारी प्रकृतिको भई कैद जरीवाना, घा खर्च र बिगोसमेतको माग दावी भएको मुद्दा यिनै पक्ष विपक्षीबीच चले तापनि मुद्दाको प्रकृति, स्वरूप घटना मिति र दायित्वको दृष्टिकोणबाट हेर्दा एकै प्रकृतिको र उही अभियोग समेत नदेखिएकोले Principle of double Jeopardy आकर्षित हुने अवस्थाको नहुँदा निवेदन जिकीरबमोजिम अ.बं. ८५ नं. आकर्षित हुने अवस्था नरहने ।

भिन्नभिन्न प्रकृतिका मुद्दा परी सजाय, जरीवाना, बिगो क्षतिपूर्ति, घा खर्च समेत दिलाई भराई दिनुपर्ने प्रकृतिका फरकफरक मितिका वारदातको सम्बन्धमा मुद्दा परेको हुँदा त्यस्तो कुरामा दोहोरो खतराको सिद्धान्त आकर्षित हुँदैन । दोहोरो खतराको सिद्धान्त आकर्षित हुनलाई सारभूत रूपमा एकै कसूर (Substantially same Offence) हुनुपर्दछ । मुलुकी ऐन, अ.बं. ८५ नं. मा समेत Same Offence मा उसै झगडियाका नाउँको फिरादपत्र लिई सुन्न हुँदैन, लिएको भए पनि खारेज हुन्छ भन्ने अवस्था रहेको परिप्रेक्ष्यमा एकै कसूरमा उही झगडिया भएमा मात्र प्राङ्न्याय आकर्षित हुने हुँदा प्रस्तुत विषयमा निवेदकलाई दोहोरो खतराको सिद्धान्तविपरीतको अवस्था विद्यमान भएको नदेखिने ।

इजलास अधिकृत: दीपक खरेल

कम्प्युटर: रामशरण तिमल्सेना

इति संवत् २०६८ साल जेठ २ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको दे.पु.नं. ०५६४, शेषपछिको बकसपत्र, लिखत बदर, निर्णय बदर, *बद्रीनाथ श्रेष्ठ वि. मालपोत कार्यालय, भक्तपुर समेत*

दाता कृष्णेश्वरीले पुनरावेदकलाई दिएको बकसपत्र मालपोत कार्यालय, भक्तपुरले दानबकसको २ नं. बमोजिम बदर गरेको कुरा अन्यथा देखिन आएन । बकसपत्र बदर हुँदा दाताको निवेदनबमोजिम शेषपछिको बकसपत्र लिखत बदर भएको भनी उल्लेख भएको र सो कुरा अन्यथा हो भनी यी पुनरावेदकले प्रमाणित गर्न सकेको समेत देखिदैन । यस स्थितिमा उल्लिखित लिखतलाई प्रमाणमा लिन मिल्ने नमिल्ने सम्बन्धमा हेर्दा प्रमाण ऐन, २०३१ को दफा ६ को खण्ड (ग) मा "कुनै अदालत वा सरकारी कार्यालयमा कानूनले राख्नु पर्ने स्याहा, स्रेस्ता वा कागजपत्रमा उल्लेख गरिएको कुराहरू सही रूपमा उल्लेख गरिएका हुन् भनी अदालतले अनुमान गर्नेछ" भन्ने र ऐ.कै (ङ) मा कुनै अदालत वा सरकारी कार्यालय वा अधिकारीबाट वा नेपाल कानूनबमोजिम अधिकारप्राप्त कुनै व्यक्तिबाट प्रकाशित भएको, तयार गरिएको वा प्रमाणित गरिएको हो भनी जनिएको लिखत सो अदालत, कार्यालय, अधिकारी वा व्यक्तिबाट प्रकाशित भएको वा तयार वा प्रमाणित गरिएको हो भनी अदालतले अनुमान गर्नेछ" भन्ने कानूनी व्यवस्था भइरहेकोमा मालपोत कार्यालय, भक्तपुरका मालपोत अधिकृतबाट उक्त लिखत बदर भएको भन्ने मिसिल संलग्न पत्र तथा उक्त कार्यालयको अभिलेखले प्रमाणित गरी राखेको अवस्थामा उक्त लिखत बदर भई जीवन्त नरहेको र प्रमाण ऐन, २०३१ को दफा ६(ग) र (ङ) बमोजिम उक्त लिखतको पीठमा जनिएको दरपीठ व्यहोरालाई प्रमाणमा लिनपर्ने अवस्था देखिन आएकोले उक्त बकसपत्र लिखतको पीठमा उल्लिखित व्यहोरालाई अन्यथा भन्नुपर्ने अवस्था देखिन नआउने ।

प्रस्तुत विषयमा हक बेहकको पनि प्रश्न सन्निहित रहेको तथा प्रचलित कानूनमा स्पष्टतः मुलुकी ऐन, दानबकसको २ नं. बमोजिम बकसपत्र बदर सम्बन्धमा मालपोत कार्यालयको निर्णयउपर कुन अदालत जानु पर्ने भन्ने स्पष्ट कानूनी व्यवस्था नदेखिएकोमा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ मा "प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतलाई आफ्नो क्षेत्रभित्रको सबै मुद्दामा शुरू कारवाही र किनारा गर्ने अधिकार हुनेछ" भन्ने कानूनी व्यवस्था समेत रहे भएको परिप्रेक्ष्यमा मालपोत कार्यालय, भक्तपुरको उल्लिखित निर्णयका सम्बन्धमा पुनरावेदन अदालतमा पुनरावेदन लाग्न सक्ने अवस्था नदेखिने ।

इजलास अधिकृत: दीपक खरेल

कम्प्युटर: बेदना अधिकारी

इति संवत् २०६८ साल बैशाख १३ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दामा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६६ सालको दे.पु.नं. ०५६५, घरजग्गा रोक्का, *बद्रीनाथ श्रेष्ठ वि. मालपोत कार्यालय, भक्तपुर*
- २०६६ सालको दे.पु.नं. ०५६६, शेषपछिको बकसपत्र दा.खा. नामसारी, *बद्रीनाथ श्रेष्ठ वि. मालपोत कार्यालय, भक्तपुर*

११

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको रिट नं. WO-०४००, उत्प्रेषण, परमादेश समेत, *लालमन कोहार वि. विनोदप्रसाद मिश्र समेत*

लेनदेन मुद्दामा बिगो भरी पाउने ठहरी फैसला भएपछि बिगो भरिभराउ गर्न दरखास्त परेपछि जिल्ला अदालतले द.स. को ४२ नं. र जिल्ला अदालत नियमावली, २०५२ को नियम ७४(४) नं. बमोजिम बिगो दाखिल गर्न अर्को पक्षलाई ३५ दिनको म्याद दिई सूचना पठाउनु पर्ने, वादीले देखाएको सम्पत्ति रोक्का वा कब्जामा राख्नुपर्ने र म्यादभित्र बिगो दाखिल नगरे सो सम्पत्ति जायजात लिलाम गरी भराई दिने भन्ने व्यवस्था गरेको देखिन्छ । जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(१)(११) मा बिगो दाखिल गर्ने व्यक्तिले लिलाम डाँकको कार्य सम्पन्न नहुँदासम्म बिगो दाखिल गरे बुझिलिई लिलाम कार्य तामेलीमा राख्ने व्यवस्था गरेबाट भरिपाउने बिगो डाँक लिलाम कार्य सम्पन्न नहुँदासम्म मात्र दाखिल गर्न पाउने सुविधा हो भन्ने देखिन्छ । कानूनले निर्धारण गरेको समय सीमाभित्र बिगो दाखिल नगरे त्यसको कानूनी मान्यता नहुने ।

पति पत्नी आपसमा अंश मुद्दा गरी मिलापत्र गरी अंशभागमा पार्ने र नामसारी दा.खा. दर्ता नगरी साहूको दायित्वबाट पन्छिने प्रवृत्तिबाट जग्गा दर्ता नगरेको र जग्गा लिलाम हुँदाको समयमा लिलाम भएको जग्गा शान्तिदेवीको नाममा दर्ता नभै विनोदप्रसाद मिश्रकै नाममा रहे भएको र ऋण खाँदा सगोलमै रहेकी शान्तिदेवीलाई निजको नाउँमा लिलाममा परेका जग्गा दर्ता नरहेको स्थितिमा सूचना दिनुपर्ने अवस्था समेत देखिन आएन । सूचना दिनु नपर्ने व्यक्तिलाई सूचना दिइएन भन्ने आधारले नियमपूर्वक भएको लिलामलाई अन्यथा भएको छ भन्न नमिल्ने ।

साहुले बिगो नगदमै चाहेमा प्रथम पटकको डाँक लिलाममा जेथा सकार नगर्न सक्छ । त्यस स्थितिमा पुनः लिलाम चढाउने गरेको व्यवस्थाले साहूलाई प्रथम पटकको लिलाममा डाँक सकार गरी जेथा नै बोक्नु पर्ने बाध्यता नगरेकोसम्म हो । साहूले जेथा लिन नचाही बिगो नगदमा नै खोजेको अवस्थामा साहूलाई एकपटक जेथा सकार नगर्ने मौका दिएकोलाई अन्यथा अर्थ गरी साहूले पहिलो लिलाममा सकार नै गर्न पाउदैन भन्ने अर्थ गर्न मिल्दैन । अन्य कसैले डाँक सकार नगरेको स्थितिमा साहूले बिगो नगदमा नखोजी जेथा नै सकार गर्न चाहेमा साहूले प्रथम पटकको डाँक लिलाममा पनि पञ्चकीर्ते मोलमा सकार गर्न पाउँछ । प्रथम पटकको लिलाममा साहुले पञ्चकीर्ते मोलमा जेथा सकार गर्न सक्दैन भन्न मिल्ने पनि देखिँदैन । साहूसहित कसैले पनि प्रथम पटकको डाँक लिलाममा सकार नगरे दोस्रो पटक डाँक लिलाममा राख्नुपर्ने र साहूबाहेक अन्यले डाँक सकार गरे सकार गर्नेले पाउँछ, अन्य कसैले सकार नगरेको अवस्थामा भने दोस्रो पटकको लिलामको हकमा साहूले अनिवार्य रूपमा पञ्चकीर्ते मूल्यमा नै सकार गर्नुपर्छ । दोस्रो पटकको डाँक लिलाममा सकार नगरे अर्को पटक लिलाम गराउनु पर्दैन, तामेलीमा राख्नु पर्छ भन्ने कानूनी व्यवस्था छ । दोस्रो पटकको लिलाममा कसैले लिलाम सकार नगरे साहूले अनिवार्य सकार गर्नुपर्ने अन्यथा तामेलीमा राख्ने व्यवस्था गरे पनि प्रथम पटकको डाँक लिलाममा अन्य कसैले सकार नगरे साहूले पञ्चकीर्ते मूल्यमा सकार गर्न पाउँदैन भन्न नमिल्ने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल बैशाख २८ गते रोज ४ शुभम् ।

१२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कमलनारायण दास,** २०६५ सालको रिट नं. WO-०४७४, उत्प्रेषणयुक्त परमादेश, *नानु श्रेष्ठ वि. स्वास्थ्य सेवा विभाग समेत*

कुनै पनि कर्मचारीको सेवा सम्बन्धमा उत्पन्न भएको विवाद सम्बन्धमा तालुकवाला मन्त्रालय, विभाग वा निकायमा उजूरी परेको रहेछ भने सोको टुंगो समयभित्रै गर्नुपर्दछ । वर्षौंसम्म कारवाहीको निहुँमा अनिर्णयको बन्दी बनाई राख्न कदापि पनि न्यायोचित देखिँदैन । बिलम्ब हुनुको औचित्यपूर्ण कारण देखाउनु पर्ने ।

इजलास अधिकृतः दीपक खरेल

इति संवत् २०६८ साल जेठ १ गते रोज १ शुभम् ।

१३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको रिट नं. WO-०६८९, उत्प्रेषण समेत, *ढाकादेवी बुढा क्षेत्री समेत वि. सुरज बुढा क्षेत्री समेत*

घरमा कुरा नमिली मुद्दा गरेको र सो घरमा नबसेको स्थितिमा लोग्ने, बाबुले पत्नी, छोरा छोरीहरूलाई खान लाउन दिएको स्थिति पनि हुँदैन । यस्तो स्थिति अंश मुद्दाबाट पाउने ठहरेको सम्पत्ति आफ्नो नाममा दर्ता गराई भोगचलन गर्न नपाउँदासम्म कायमै रहन्छ । त्यसकारण फिराद पर्दाको दिनदेखि अंश प्राप्त गरी भोग गर्न नपाउँदासम्म छोरा, स्वास्नीले सम्पत्ति भोग चलन गर्न नपाउने हुँदा सो अवधिसम्म खान लाउन र बस्नको लागि मानाचामल नभराउने हो भने वादी पक्ष भोकै बस्नु पर्ने स्थिति उत्पन्न हुन्छ र मानाचामल भराउने कानूनी व्यवस्था निष्प्रयोजनिक हुन जाने ।

कानूनले पीडितलाई न्याय दिने हो, अंश दिने हो, अंश नपाउँदासम्म भोकै बस्नुपर्छ भन्ने होइन । त्यसकारण अंश भाग भरिभराउ हुने काम सम्पन्न नहुँदासम्म मानाचामल भराउनु कानूनतः औचित्यपूर्ण नै हुने ।

कुनै खास समयावधि तोकी सो समयसम्मलाई मात्र मानाचामल भराउँदा सो समयसम्म पाउने ठहरेको सम्पत्ति आफ्नो नाममा आई भोग गर्न नपाएसम्म जीवनयापनमा समस्या पर्नजान्छ । त्यसकारण तत्काल आफ्नो जीवननिर्वाहका लागि दिइने मानाचामल अंश मुद्दाबाट प्राप्त हुने ठहरेको सम्पत्ति वादीको हक भोगमा नआएसम्म भराउनु नै औचित्यपूर्ण र उपयुक्त हुने ।

इजलास अधिकृतः लीलाराज अधिकारी
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६८ साल बैशाख २८ गते रोज ४ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं. ०३४५, अंश चलन, *कमलबहादुर खड्का समेत वि. वीरबहादुर खड्का*

कि.नं. ३८८ को जग्गामा प्रतिवादी वीरबहादुर खड्काको मोही हक रहेकोमा विवाद देखिदैन । उक्त जग्गा जग्गाधनी लीलाबहादुर अधिकारीले नेपाल सिंह बस्नेतलाई राजीनामा गरेकोमा प्रतिवादी वीरबहादुरले मोहीको हैसियतले निखनाई पाऊँ भनी मुद्दा परी तत्कालीन बाग्मती अञ्चल अदालतबाट मिलापत्र भई प्रतिवादी वीरबहादुरको नाममा दर्ता कायम भएको देखियो । मिलापत्र हुँदा वादी समेतको अंश हक लाग्ने सगोलको इमाडोल गा.वि.स. वडा नं. ६(ख) कि.नं. ३८६ को जग्गा नेपाल सिंह बस्नेतलाई सट्टामा दिई कि.नं. ३८८ को जग्गा प्रतिवादी वीरबहादुरको नाममा कायम गर्ने गरी मिलापत्र भएको देखियो । यसरी वादी समेतको अंश हक लाग्ने सगोलको कि.नं. ३८६ को जग्गा सट्टा दिई विवादित कि.नं. ३८८ को जग्गा प्रतिवादीको नामा कायम गर्ने गरी निखनाई पाऊँ भन्ने मुद्दामा भएको मिलापत्रबाट प्राप्त गरेको देखिँदा उक्त जग्गा सगोलको भई वादी समेतको अंश हक लाग्ने ।

कि.नं. २ को घर प्रतिवादीले आफूले नोकरीबाट प्राप्त आयबाट बनाएको भन्ने जिकीर लिएकोमा सोलाई वादीले कुनै प्रमाणबाट खण्डन गराउन सकेको देखिँदैन । प्रतिवादीले मिति २०४८।११।१ मा नोकरीबाट अवकाश प्राप्त गरेको देखिएको, अवकाशपश्चात् निजले सात वर्षको एकमुष्ट निवृत्तिभरणको रकम, औषधि उपचार बापतको एकमुष्ट रकम, सञ्चित बिदाको एकमुष्ट रकम र सञ्चय कोष समेतको रकम प्राप्त गरको देखिएको र उक्त आयले घर बनाएको भन्ने देखिँदा सो कि.नं. २ को घर जग्गाबाट वादीले अंश पाउने नदेखिने ।

वादी प्रतिवादीबीच नाता भएकोमा विवाद नभएको, निजहरूको रीतपूर्वक अंशबण्डा भएको भन्ने नदेखिएको, कि.नं. ३८८ को जग्गा सगोलको सम्पत्ति सट्टामा दिई प्राप्त गरेको र कि.नं. ११ को घर नापी अगावै बनी वादी समेतको बसोबास रहेको भन्ने देखिँदा सो घर जग्गाबाट वादीले अंश पाउने ।

इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल जेठ १७ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको WO-०७६९, उत्प्रेषणमिश्रित प्रतिषेध र परमादेश, *डा. सुरवीर पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

कानूनले तोकेबमोजिमको पूँजी बजारको क्षेत्रमा विशिष्ट ज्ञान नै नरहेको सदस्य तोकी नेपाल

धितोपत्र बोर्डको अध्यक्षको कामकारवाहीबारे जाँचबुझ गर्न समिति गठन गरेको देखिएको, त्यस्तो समितिले निवेदकले धितोपत्र बोर्डको अध्यक्षको हैसियतले गरेको कामकारवाही बारे छानबीन गरी प्रतिवेदन पेश गरेको र उक्त निवेदनमा निवेदकलाई दोषी देखाएबाट यस्तो अवैधानिक समितिले गरको कामकारवाहीले कानूनी मान्यता पाउन नसक्ने ।

विपक्षी सीताराम तिवारी कानूनले तोकेबमोजिम पूँजी बजारको क्षेत्रमा विशिष्ट ज्ञान भएको विशेषज्ञ व्यक्ति भएको भन्ने नदेखिंदा त्यसरी योग्यता नै नभएको व्यक्ति सदस्य भएको छानबीन समिति गठन गर्ने सम्बन्धमा भएको नेपाल सरकारको मिति २०६६।८।३ को निर्णय त्रुटिपूर्ण देखिएको र तत्पश्चात् उक्त निर्णयबमोजिम गठित छानबीन समिति, सो समितिको प्रतिवेदनअनुसार नेपाल सरकारबाट भए गरेका कामकारवाहीले कानूनी मान्यता पाउन सक्ने अवस्था नदेखिँदा उक्त कामकारवाही उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल असार १९ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६६ सालको WO-०३६५, उत्प्रेषणमिश्रित प्रतिषेध र परमादेश, *डा. सुरवीर पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ३

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६७ सालको CI-००९६, जग्गाको नापी नक्सा स्रेस्ता बदर हक कायम, *बहादुर विष्ट वि. मालपोत कार्यालय, कञ्चनपुर समेत*

जग्गा नापजाँच सम्बन्धमा काम, कर्तव्य तोकिएका जिम्मेवार पदाधिकारीलाई निजहरूले गर्नुपर्ने वा गरेका जुनसुकै काममा अ.वं. २९(८) आकर्षित हुन सक्दैन । यसरी जुनसुकै विषयमा निजहरूउपर मुद्दा लाग्ने हो भने त्यस्ता पदाधिकारीले पदीय जिम्मेवारी नै निभाउन सक्दैन । त्यहींभएर कर्मचारीको सेवा शर्तसम्बन्धी कानूनले उनीहरूलाई बद्नियतको अभावमा सदाशयपूर्वक गरेको कार्यमा सेवा सुरक्षा पनि प्रदान गरेको हुन्छ । अ.बं. २९(८) को आशय कहाँ मुद्दा लाग्ने भन्ने सम्बन्धमा अड्डा अदालत तोकेको सम्म हो । यदि कर्मचारी समेतलाई त्यस्ता काममा मुद्दा लाग्ने अवस्था छ भने धेरै तहका अदालतमा जानु नपरोस् चाँडो मुद्दा टुङ्गियोस् भनेर उपल्लो अदालतमा क्षेत्राधिकारसम्म तोकेको देखिन्छ । यसको लागि सर्वप्रथम त्यस्ता कर्मचारीले बद्नियतपूर्वक आफ्नो जिम्मेवारी निर्वाहमा विचलन ल्याएको स्पष्ट देखिनु पर्दछ । प्रस्तुत मुद्दामा वादीको जग्गा नापजाँच सम्बन्धमा संलग्न पदाधिकारीले बद्नियतपूर्वक वादीलाई नोक्सान पुऱ्याउने नियतले काम गरी वादीलाई क्षति पुऱ्याएको कुरा वादी पक्षबाट प्रमाणित गर्न नसकेको अवस्थामा अ.बं. २९(८) आकर्षित हुन नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६८ साल असार २४ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६७ सालको CR-०१७४, जालसाजी, *सिकन्दर महतो कोइरी वि. धवल महतो कोइरी समेत*

जालसाजी जस्तो फौजदारी कार्य जुन मितिमा भएको हो तत्कालीन अवस्थामा विद्यमान प्रचलित कानूनबमोजिम नै उपचारको लागि पीडितले मार्ग अपनाउनु पर्ने हुन्छ । कानूनमा भएको फेरबदल वा परिवर्तनले सो साविकमा भएका कुराहरूलाई पनि मान्यता दिने वा साविकका घटनामा परिवर्तित कानून लागू हुने हो भने स्पष्ट रूपमा कानूनमा बोलिनु पर्दछ । उक्त नं. मा परिवर्तन हुँदा साविकमा घटनासम्बन्धमा नबोलेको अवस्थामा नयाँ संशोधित कानून लागू हुने अवस्था देखिन आएन । तत्काल प्रचलित कानूनी व्यवस्थाभित्र फिराद नपरी संशोधनपश्चात्को हदम्यादसम्बन्धी कानूनी व्यवस्था प्रस्तुत मुद्दामा आकर्षित हुन सक्ने अवस्था नहुँदा मिति २०५७।५।४ को सिफारिशलाई जालसाजी भनी मिति २०६२।११।८ मा पर्न आएको मुद्दामा हदम्यादभित्र दायर भएको मान्न नमिल्ने हुँदा हदम्यादको आधारमा फिराद खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

इति संवत् २०६८ साल असार २४ गते रोज ६ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६७ सालको CR-०१८६, जालसाजी, *सिकन्दर महतो कोइरी वि. धवल महतो कोइरी समेत*
- २०६७ सालको CI-०२७३, लिखत दर्ता बदर, *सिकन्दर महतो कोइरी वि. धवल महतो कोइरी समेत*
- २०६७ सालको CI-०२७४, नापी निर्णय दर्ता बदर, दर्ता नापी दर्ता बदर दर्ता, *सिकन्दर महतो कोइरी वि. धवल महतो कोइरी समेत*

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको CR-०१५५, अदालतको अपहेलना, *रत्न पौडेल वि. देवराजेश्वरी उपाध्यायनी,*

पुनरावेदक विपक्षी तथा बाटो निर्माण समितिका अध्यक्ष रत्न पौडेलले निषेधाज्ञा मुद्दामा बाटो निर्मांण नगर्नु नगराउनु भनी अदालतबाट जारी भएको अन्तरिम आदेश मिति २०६४।९।१४ मा बुझी सकेपछि अदालतको आदेशको अवज्ञा गरी बाटो निर्माण गरी अदालतको आदेशको अपहेलना गरेको पुष्टि हुँदा निजलाई रू. ५००।- जरीवाना हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल माघ २० गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको CR-०६४०, सवारी ज्यान, *नेपाल सरकार वि. हेमनारायण उराव*

चालकले अगाडि रहेको रिक्सालाई विपरीत दिशाबाट उछिन्न खोज्दा विपरीत दिशाबाट आएको साइकल यात्रीलाई देखिसकेपछि सवारीको गति नियन्त्रणमा लिई अगाडि बढ्नु पर्नेमा सो नगरी तीब्र गतिमा गाडी चलाएको कारणबाट नै दुर्घटना हुन गएको र दुर्घटनापश्चात् घाइतेको उद्धार र उपचारपट्टि नलागी प्रतिवादी गाडीसहित भागी गएको भन्ने देखिएको अवस्थामा निजले लापरवाहीपूर्वक सवारी चलाएको कारणबाट नै मृतकको मृत्यु हुन गएकोमा लापरवाहीपूर्वक गाडी चलाएकोले सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६१(२) अनुरूप सजाय गर्नु पर्ने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल माघ २० गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको CI-१२६१, निर्णय बदर पूरै कित्ता जग्गा सार्वजनिक कायम, *शिवराज सापकोटा वि. मिथिलेश यादव समेत*

सुकुम्बासी समस्या समाधान आयोग महोत्तरीबाट उल्लिखित कि.नं. २८२ को जग्गा प्रत्यर्थीलगायतका सुकुम्बासी तथा अव्यवस्थित परिवारहरूलाई बिक्री वितरण गर्ने गरी मिति २०५८।३।११ मा निर्णय भएअनुरूप सो जग्गा कित्ताकाट भई विभिन्न प्लट कायम भएको देखिन्छ । सो मध्ये कामेश्वर यादवले प्राप्त कित्ता जग्गाको जग्गाधनी प्रमाण पूर्जा समेत प्राप्त गरिसकेको र अन्य प्रत्यर्थी लगायतका व्यक्तिहरूले जग्गाधनी प्रमाण पूर्जा प्राप्त गर्न मात्र बाँकी रहेको अवस्थामा विभिन्न कित्ताका जग्गाहरूको कित्ताकाट बदर गरी कि.नं. २८२ को साविक नक्सा यथावत् कायम रहने गरी सुकुम्बासी समस्या समाधान आयोग महोत्तरीको उक्त मिति २०५८।३।११ को निर्णय समेत बदर हुने गरी मालपोत कार्यालय महोत्तरीबाट २०६१।३।२ मा निर्णय भएको देखियो । सो निर्णयबाट असर पर्ने यी प्रत्यर्थीहरू समेतलाई सो निर्णय गर्नु पूर्व आफ्नो भनाई राख्ने मौका दिएको अर्थात् सुनुवाईको मौका दिएको भन्ने मिसिलबाट नदेखिदा सो निर्णय प्राकृतिक न्यायको सिद्धान्तप्रतिकूल देखिदा बदर हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६७ साल फागुन १७ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ८५७५, निषेधाज्ञा, *नागा साह तेली वि. मंगली अहिरनी*

कानूनबमोजिम स्थापित मोहीले कानूनबमोजिम आफू मोही रहेको जग्गा आवाद गर्न पाउने कुरामा विवाद हुन सक्दैन । जग्गाधनीले कुतसम्म

निवेदिकाबाट भराई पाउने अवस्था देखिन्छ । यस्तो अवस्थामा पुनरावेदक जग्गाधनीले उल्लिखित जग्गामा निवेदकलगायतका कुनै पनि व्यक्ति मोही नरहेको र सो जग्गा आफ्नै जोतभोगमा रहेको दावी गरी लिखित जवाफ दिएको देखिन्छ । निजको सो लिखित जवाफबाट निवेदकलाई जग्गा जोतभोग गर्न नदिने मनसाय यी पुनरावेदकको रहेको स्पष्टरूपमा देखिन आएको छ । कसैले कसैको कानूनद्वारा प्रदत्त नागरिक अधिकारमा आघात पार्ने प्रवल आशंकाको अवस्था देखिएमा त्यस्तो आघात पुऱ्याउने पक्षउपर त्यस्तो आघात पार्ने कुनै काम नगर्नु भनी निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल फागुन १७ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको WO-०१७१, उत्प्रेषण, परमादेश, *लालप्रसाद राय यादव समेत वि. रामचन्द्र राय यादव समेत*

अदालतबाट अन्तिम रहेका फैसलाअनुसार कार्यान्वयन भै टुङ्गिई मिसिल तामेलीमा रहेको विषयमा निवेदकको बिमति रहेको छैन । अदालतमा विचाराधीन नरहेको विषयका सम्बन्धमा दिएको निवेदनका आधारबाट एक पक्षको हकको समाप्त भै अर्काको सिर्जना हुन नसक्ने देखिन्छ । पक्षहरूको आपसी सहमतिमा अदालतभन्दा बाहिर व्यवहार मिलाउन सक्दछन् तर अदालतमा प्रवेश गर्दा कानूनको निर्दिष्ट प्रक्रियाको पालना गर्नुपर्ने र अदालतले पनि सम्बन्धित कानून र नियमको परिधिभित्र रही निर्णय आदेश गर्नुपर्ने ।

मुलुकी ऐन, दण्ड सजायको महल, जिल्ला अदालत नियमावलीले निर्धारण गरेमुताबिकको दरखास्त नगरी आपसी सहमतिको आधार उल्लेख गरी टुंगिइसकेको विषयमा दिएको निवेदनमा कारवाही नै नगर्नु पर्नेमा निवेदन र बण्डा मुचुल्कालाई मध्यनजर राखी गर्नु भनी भएको आदेश आफैंमा कानूनअनुरूपको नहुँदा बण्डा मुचुल्काभन्दा बाहिर गएर भएको भनी मान्न र त्यसउपर अरू विचार गरिहनु पर्ने देखिन नआउने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

इति संवत् २०६७ साल चैत १६ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको फौ.पु.नं. CR-०३११, ओखेटोपहार (बाघको छाला) बिक्री व्यवसाय, *वीरबहादुर गुरूङ्ग समेत वि. नेपाल सरकार*

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २(झ) ले बाघको छालालाई "ओखेटोपहार" को परिभाषाभित्र समेटेको पाइन्छ । सो ऐनको दफा १९(१) मा तोकिएको अधिकारीबाट इजाजतपत्र नलिई कुनै पनि व्यक्तिले ओखेटोपहार बिक्री वितरण गर्न वा कुनै किसिमको हकछाडी दिन वा ओखेटोपहारसम्बन्धी कुनै व्यवसाय गर्न पाउने छैन भनी संरक्षित वन्यजन्तु तथा सोको छालाको बिक्री व्यवसाय गर्नमा पूर्ण प्रतिवन्ध लगाएको स्थितिमा सोको विपरीत यी पुनरावेदक प्रतिवादीहरूले बाघको छाला बिक्री व्यवसायमा संलग्न भई उक्त ऐनको उल्लिखित दफा १९(१) विपरीतको कसूरजन्य काम गरेको देखिने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः प्रेमबहादुर थापा

इति सवत् २०६७ साल माघ १९ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको CR-०२५६, कर्तव्य ज्यान, *राजकुमार खरेल वि. नेपाल सरकार*

सौतनी मामला तथा सम्पत्तिसम्बन्धी विवादका कारण मृतकलाई मार्नुपर्ने सम्मको रिसइवी पुनरावेदक प्रतिवादी र मृतकबीच रहेको भन्ने स्थापित मिसिल संलग्न तथ्य पुनरावेदक प्रतिवादी राजकुमारले आरोपित कसूरमा पूर्णरूपमा सावित भई गरेको मौकाको बयान स्वेच्छाविपरीत भएको भन्ने वस्तुनिष्ठ प्रमाणको अभाव, वारदात भएको देख्ने मृतक सँगै रहेको चश्मदीद गवाह बलदेवले मृतकलाई मार्ने यिनै पुनरावेदक प्रतिवादी राजकुमार खरेल हुन् भनी मौकामा लेखाई सनाखत गरी सो कुरा अदालतमा आई वकपत्रद्वारा पुष्टि गरिदिएको समेतका आधार प्रमाणबाट राजकुमार खरेललाई ज्यानसम्बन्धीको १३(१) अनुसार सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल माघ १९ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. WO-०८५७, उत्प्रेषणयुक्त परमादेश, *गेहेन्द्रमान सिंह वि. कृष्णमान सिँह समेत*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१(५) को निर्णयउपर स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६२ बमोजिम पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने वैकल्पिक उपचारको मार्ग रहे भएको स्थितिमा प्रस्तुत रिट निवेदनउपर विचार गरिरहन पर्ने नदेखिँदा खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल जेठ २९ गते रोज १ शुभम् ।

११

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६४-WO-०४४२, उत्प्रेषण समेत, *मानबहादुर थापा क्षेत्री वि. नापी विभाग कित्ता नापी महाशाखा, ३ नं. नापी गोश्वारा, रूपन्देही सिद्धार्थनगर समेत*

प्रचलित मुलुकी ऐन, रजिष्ट्रेशनको १ नं. को कानूनी व्यवस्थाअन्तर्गत रजिष्ट्रेशन भएको लिखत र अदालतबाट ऐनको प्रक्रिया पुऱ्याई भएको लिलाम तथा साधिकार निकायबाट दिइएको चलन पूर्जीउपर कसैको दावी परी अधिकारप्राप्त अदालतबाट बदर वातिल नभएसम्म कानूनबमोजिमको सो व्यवहारलाई प्रशासकीय आदेश/निर्णयबाट स्वतः निष्क्रिय तुल्याउन नसकिने ।

प्राकृतिक न्यायको सिद्धान्तप्रतिकूल एवं जग्गा (नापजाँच) ऐन, २०१९ को उक्त व्यवस्थासमेत विपरीत निवेदकलाई सुनुवाइको उचित मौका प्रदान गरी विपक्षीमध्येको नापी गोश्वारा, रूपन्देहीबाट विवादको कि.नं. १४९ को ज.वि. ०-०-६.६७ जग्गा तत्कालीन नेपाल सरकारको नाउँमा दर्ता हुने गरी मिति २०६१।६।४ मा भएको निर्णय पर्चा त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः रमेशप्रसाद रिजाल
इति संवत् २०६७ साल फागुन २७ गते रोज ६ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६७-WO-०३६४, उत्प्रेषणयुक्त परमादेश समेत, *राजेन्द्रप्रसाद जयसवाल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निवेदकले राखेको धरौट जफत गरी उक्त जग्गाको पुनः मूल्याङ्कन गरी बोलपत्र आह्वान गर्नु भनी गरेको मिति २०६७।३।३१ को निर्णय र मिति २०६७।६।१४ गतेको पत्र तथा सो आधारमा निवेदकलाई सुनुवाइको मौका समेत नदिई निवेदकले लिलाम सकार गरेको प्लट नं. ज १२८ बापत राखेको धरौट जफत गरी सो जग्गा नपाउने भनी गरेको वीरगञ्ज नगर विकास समितिको मिति २०६७।५।१५ गतेको निर्णय समेत कानूनविपरीत हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

निवेदकले तोकिदिएको म्यादभित्र धरौट राखेको रकम बाहेक बाँकी रकम तिरी बुझाई सकेको भए नगर विकास समितिको निर्णयबमोजिम निवेदन दावीको प्लट नं. ज १२८ को जग्गा निजको नाममा कानूनबमोजिम पास गरी दिनु भनी विपक्षी वीरगञ्ज नगर विकास समितिको नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल जेठ ४ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको दे.पु.नं. CI-०८५३, CI-०८५४, जग्गा दर्ता बदर, *चन्द्रमणि न्यौपाने वि. जिल्ला वन कार्यालय, अर्घाखाँची, भक्तबहादुर बेलवासे समेत वि. नेपाल सरकार*

वन ऐन, २०४८ को दफा १६ मा राष्ट्रिय वनक्षेत्रभित्रको जग्गा कसैले पनि दर्ता गर्न गराउन नहुने र गराएको भए पनि सो दर्ताका नाताले त्यस्तो जग्गा दावी गर्न नपाइने र त्यस्तो जग्गाको दर्ता स्वतः बदर हुने कानूनी व्यवस्था रहेको छ । साविक परम्परादेखि नै राष्ट्रिय वनअन्तर्गतको जग्गालाई पुनरावेदकहरूले जुनसुकै तरिका अपनाई दर्ता गराएका

भए तापनि त्यस्तो दर्ताले कानूनी मान्यता पाउन नसक्ने ।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल बैशाख ६ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६३ सालको दे.पु.नं. ११६६, मिलापत्र बदर अपुताली हककायम दर्ता, *भोला राय यादव वि. जोगेन्द्र राय यादव समेत*

अपुतालीमा दावी गर्ने व्यक्तिले अपुताली पाउन गर्नुपर्ने कर्तव्य पनि पूरा गरेको हुनुपर्छ । जीवित छउञ्जेल स्याहार सम्भार र मरेपछि सामाजिक रीति रिवाजबमोजिम दाह संस्कार काजक्रिया गरेको हकवाला व्यक्तिले मात्र अपुतालीमा हक कायम गराई लिन पाउने हुन्छ । स्याहार सम्भार र काजक्रिया नगर्ने व्यक्तिले हकवालाको नाताले मात्रै सम्पूर्ण अपुताली प्राप्त गर्न नसक्ने भै कानूनबमोजिमको हकवाला नभए पनि स्याहार सम्भार र काजक्रिया गर्ने अन्य दाजुभाइले पनि आधा अपुतालीमा हककायम गराई लिन पाउने उपरोक्त कानूनी व्यवस्था हुनाले र प्रतिवादीहरूले स्याहार सम्भार र काजक्रिया गरेको भन्ने कुराको सबूद प्रमाण गुजार्न नसकेको अवस्थामा मृतक वीरेन्द्र यादवको सम्पूर्ण सम्पत्तिमा निजहरूको मात्र एकलौटी हककायम हुने भन्न मिल्ने देखिएन । प्रतिवादीहरूले स्याहार सम्भार र काजक्रिया नगरेको अवस्थामा वादी भोला राय यादवले नै वीरेन्द्र राय जीवित छउञ्जेल स्याहार सम्भार र मरेपछि काजक्रिया गरेको रहेछ भनी मान्नुपर्ने ।

मृतक वीरेन्द्र यादवको छोराछोरी नभएकोले निजको भतिजा नाताका यी वादी भोला रायले वीरेन्द्र यादवको स्याहार सम्भार गरेको मिति २०५८।४।१५ गतेको मृतकले स्वयंले आफ्नो जीवनकालमा दिएको लिखत समेतले पुष्टि गरेको हुँदा आधा सम्पत्ति निजले पाउने र बाँकी सम्पत्ति मात्र प्रतिवादी जोगेन्द्र राय यादव समेतले पाउनेमा त्यसो नगरी जोगेन्द्र राय र जिरीयादेवीले मात्र मिलापत्रको माध्यमबाट सो सम्पत्ति आफ्नो नाममा दर्ता गरी लिएको देखिँदा सो कार्य कानूनसम्मत देखिन आएन । त्यसकारण मृतक वीरेन्द्र यादवको सम्पत्तिमध्ये स्याहार सम्भार गर्ने यी वादीलाई आधा र ऐनबमोजिमका हकवालामध्येका प्रतिवादी जोगेन्द्र राय यादव समेतले आधा पाउने ठहर निर्णय गर्नेपर्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल बैशाख २८ गते रोज ४ शुभम् ।

- यसै लगाउको २०६४ सालको फौ.पु.नं. ०९७७, मिलापत्र बदरबाट उठेको जालसाज, *भोला राय यादव वि. जिरीयादेवी यादव समेत,* २०६४ सालको फौ.पु.नं. ०९७३, *जिरीयादेवी यादव समेत वि. भोला राय यादव समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-WO-०४५२, उत्प्रेषण परमादेश समेत, *अधिकृत वारेस. पुनम सिँह वि. बच्चु सिँह राजपुत समेत*

कुनै व्यक्तिका विरूद्ध कुनै कानूनी कारवाही गर्दा वा उसको हकहितमा असर पार्ने वा दोषी ठहऱ्याउने गरी निर्णय गर्दा त्यस्तो गर्नुपूर्व उसलाई आफ्नो कुरा प्रस्तुत गर्ने मौका दिनुपर्छ भन्ने प्राकृतिक न्यायको महत्वपूर्ण सिद्धान्त रहेको छ । सुनुवाइको मौका प्रदान गर्नु भनेको उसका विरूद्धको उजूरीको सूचना वा जानकारी दिनु, तोकिएको म्यादभित्र प्रमाण पेश गर्न र आफ्नो सफाइको मौका दिई स्वच्छ सुनुवाईको अवसर प्रदान गर्नु हो । अर्थात् सबूद प्रमाणसहित दावी खण्डन गर्ने अवसर प्रदान गर्नु न्यायिक र कानूनी कारवाहीको आधारभूत तत्व हो । प्रतिवादको अवसर प्रदान नगरी गरिएको कारवाही वा निर्णय कानूनसंगत वा कानूनी रूपमा मान्य हुन नसक्ने ।

दिइएको बतनमा म्याद तामेल गर्दा नआए वैकल्पिक वतन खुलाउन लगाई म्याद जारी गर्नुपर्नेमा सो केही नगरी निजको स्थायी वतन रहेको रौतहट जिल्लाको घरमा तामेली नगरी निजको घर बसोवास बाहेकको अन्य वतनमा म्याद तामेल गरिए पनि तथा सो तामेली गर्दा कानूनको रीत पुऱ्याएको देखिए पनि स्थायी वतन र घर बसोबास नभएको ठेगानामा दिए तामेल गरिएको म्याद वा सूचनाबाट संवैधानिक व्यवस्थाबमोजिम निजलाई प्रतिवादको मौका दिएको

र प्राकृतिक न्यायको सिद्धान्तको अवलम्बन गरिएको मान्न नमिल्ने ।
इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ असार १० गते रोज ६ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको WO-०५४०, परमादेश, *श्याम मण्डल वि. गौर भन्सार कार्यालय, रौतहट समेत*

कानूनी शासनको अर्थ विधिसम्मत् ढंगबाट बनेको कानूनद्वारा राज्यका सम्पूर्ण निकायले कार्यसम्पादन गर्नु हो भनी बुझिन्छ । विधायिकाद्वारा निर्मित कानूनी व्यवस्थालाई अन्यथा भन्न पाउने हक ती निकायहरूसँग नरहनुका साथै कानूनले गरेको व्यवस्थालाई कार्यान्वयन नगरी आफ्नो कानूनी कर्तव्य पूरा नगरी बस्न मिल्ने छूट समेत विपक्षीलाई छैन । प्रस्तुत मुद्दामा विपक्षीहरूको लिखित जवाफ व्यहोरा हेर्दा निजहरूले एकअर्कालाई जिम्मेवारी पन्छाएको देखिन्छ भने निवेदकलाई ऐनअनुसार स्वतः बढुवा गर्नुपर्ने प्रमुख जिम्मेवारी एवं क्षेत्राधिकार सम्पन्न गौर भन्सार कार्यालयका तर्फबाट लिखित जवाफसम्म नपरेको अवस्था देखिन्छ । यसरी आफूलाई कानूनले तोकेको कर्तव्य समयमै सम्पन्न गरिसक्नु पर्नेमा अनुचित रूपमा लामो समयसम्म कानूनले तोकेको कार्य नगर्नु विपक्षी निकायहरूको कार्य कदापि पनि न्यायोचित एवं विवेकसम्मत् मान्न नमिल्ने ।
इजलास अधिकृतः बिमल पौडेल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल माघ २४ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको CI-०४७८, निर्णय बदर, *विष्णुकुमारी काफ्ले वि. हेमकुमारी थापा समेत*

भूमिसुधार कार्यालयबाट २०३९।१०।२७ मा पुनरावेदक प्रतिवादीलाई मोही कायम गर्नुभन्दा अगाडि नै लिखत दर्ता बदर मुद्दा दायर भएको र फैसलाबमोजिम प्रत्यर्थी वादीहरूको अंश भाग जति दावीको लिखत र दर्ता बदर गर्ने ठहऱ्याई सकेपछि त्यस्तो जग्गामा हकै नपुग्ने व्यक्तिले कबुलियतको कागज गरिदिदैमा मोही हकको सिर्जना हुन नसक्ने ।
इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६७ साल माघ २ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको CI-०६९८, निर्णय बदर मोही कायम, *हरि मुनिकार वि. शुक्र मुनिकार*

भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम मोहीयानी हकको तेरो मेरोको विषयमा निर्णय गर्ने अधिकार भूमिसुधार कार्यालयलाई भएको देखिन्छ र भूमिसुधार कार्यालयबाट भएको निर्णयबाट असर पर्ने पक्षले त्यस्तो निर्णय बदर गराउन सोही कार्यालयमा अ.बं. ८६ नं. बमोजिम नालेस गर्नुपर्ने हुन्छ । तर यी पुनरावेदक कानूनद्वारा निर्देशित सम्बन्धित साधिकार निकायमा नगई त्यस्तो अधिकारक्षेत्र नै ग्रहण गर्न नसक्ने निकायमा अ.बं. ३६ नं. को हदम्याद आकृष्ट गरी जिल्ला अदालतमा दायर भएको प्रस्तुत मुद्दाको रोहबाट भूमिसुधार कार्यालयको निर्णय बदर हुन नसक्ने ।
इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६७ साल माघ २ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६५ सालको CI-०६९९, फैसला बदर, *हरि मुनिकार वि. शुक्र मुनिकार समेत* भएको मुद्दामा समेत यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६२ सालको फौ.पु.नं. ३५९९, ३५९५, ३७३३, भ्रष्टाचार, *राजेश अधिकारी वि. नेपाल सरकार, लालबाबु राउत वि. नेपाल सरकार, ध्रुवबहादुर कार्की वि. नेपाल सरकार*

सामान खरीद गर्दा नगरपालिकाको बोर्डको निर्णय वा नगर प्रमुखको आदेश बिना यी प्रतिवादीहरूको निर्णयबाट मात्र खरीद हुन सक्ने कानूनी अख्तियारी नै देखिन्न र त्यसरी खरीद भएको भन्ने छैन । नगरपालिकाद्वारा खरीद गरिएको सामानमा भ्रष्टाचार

भएको भए सामान खरीद गर्न आदेश दिने वा अनुमोदनको निर्णय गर्ने मुख्य निर्णयकर्ता यी प्रतिवादीहरू नरहे नदेखिएको अवस्थामा मुख्य निर्णय गर्ने पदाधिकारीले नै पहिलो जिम्मेवारी लिन पर्ने ।

एउटै विवादमा फरकफरक रूपमा संलग्न रहेका व्यक्तिहरूमध्ये निर्णय गर्नेलाई पूर्ण उन्मुक्ति दिई निर्णयको कार्यान्वयन गर्नेलाई मात्र बद्नियतपूर्ण काम गरेको ठान्नु सरासर अन्याय हुन जान्छ । निर्णय गर्नु र गरेको निर्णयको कार्यान्वयन गर्नु फरक कुरा हो । त्यसमा पनि निर्णयकर्ताले गरेको निर्णय कायान्वयन गर्ने दायित्व बोकेका यी प्रतिवादीहरूले प्रक्रियागत रूपमा कार्यान्वयनको तहगत प्रक्रिया पूरा गर्ने कार्यसम्म गरेको देखिदा र भुक्तानी हुनबाट मौकामा नै रोकेकोबाट यस्तो अधुरो रूपमा निर्णय कार्यान्वयन गर्नेलाई सजाय गरी निर्णयकर्ताको हकमा विचार हुन नसक्ने स्थिति सिर्जना गर्न कानून र न्यायसँगत नहुने हुनाले सबूद प्रमाणको गलत मूल्याङ्कन गरी लिनु पर्ने दावी नलिएको कुरालाई अनदेखा गरी बोर्डले गरेको निर्णय कार्यान्वयन गर्ने यी पुनरावेदक प्रतिवादीलाई अभियोग लगाई कसूरदार ठहऱ्याएको समेत विशेष अदालतको निर्णय कानूनसंगत नहुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल जेठ २५ गते रोज ४ शुभम् ।

- यसै प्रकृतिको २०६२ सालको फौ.पु.नं. ३६९३, ३६९४, ३७३२, ३८५६, भ्रष्टाचार, *हरिकिशोर प्रसाद चौरसिया वि. नेपाल सरकार, लालबाबु राउत वि. नेपाल सरकार, ध्रुवकुमार कार्की वि. नेपाल सरकार, प्रकाशकुमार टिबडेवाल वि. नेपाल सरकार* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको WO-००६९, उत्प्रेषण समेत, *कृष्ण सुवाल वि. सूर्यमान श्रेष्ठ समेत*

निवेदकले आफ्नो दावीका जग्गामा मोही हक नामसारीका लागि आधारभूत हक नदेखाएसम्म त्यसलाई आधार मानी कारवाही हुन सक्ने देखिन्न । फिल्डबुकको जोताहाको महलमा विपक्षी सूर्यमान श्रेष्ठका बाबु सुन्दरमान श्रेष्ठको नाम उल्लेख भै कैफियत महलमा श्यालमति शैलमहेश्वर मठ स्रेस्ता गुठी जनिएको देखिएको अवस्थामा दर्ता स्रेस्ताबमोजिम नामसारीसम्म गरेको कार्यलाई मोही कायम गरेको भन्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल बैशाख ४ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको WO-११८५, उत्प्रेषणमिश्रित परमादेश, *बासुदेव राउत अहिर समेत वि. धुपिया अहिरनी समेत*

यदि कसैले अचल जग्गा जमीनलाई जमानीस्वरूप राखेर कुनै व्यवहार गर्दछ भने त्यसलाई धनजमानीभन्दा कममहत्वको वा तल्लो स्तरको जमानी हो भनी भन्नुपर्ने अवस्था नरहने ।

धनजमानी र जेथाजमानी भन्ने दुई फरक शब्दावली प्रयोग भएको भए पनि यो प्रकृतिको जमानीपछाडि रहेको विषयवस्तु भनेको कुनै पनि व्यक्तिको धनसम्पत्ति नै हुन्छ चाहे त्यो चल होस् वा अचल । चल सम्पत्ति जमानी राखेमा यो धनजमानी भै माथिल्लो स्तरको जमानी हुने र अचल वा जेथा जमानी राखेमा त्यो तल्लो स्तरको जमानी हुने अवस्था समेत नदेखिने ।

धन जमानी होस् वा जेथा जमानी जेसुकै प्रकारको जमानी दिए पनि अदालतले हेर्ने भनेको उक्त जमानीबाट अदालतले भरी पाउने वा पक्षलाई भराई दिने अङ्क खाम्न सक्छ वा सक्दैन भन्ने मात्र हो । जेथा जमानी दिन ल्याएको अवस्थामा उक्त जेथा के कति मूल्य पर्ने हो, सो जेथाले तिर्नु पर्ने बिगो वा लागेको जरीवाना असूलउपर हुन्छ वा हुँदैन भन्ने तथ्यमा आवश्यक विवेचना गरी यदि सो जेथाले तिर्नुपर्ने बिगो र लागेको जरीवानाको अङ्क खाम्न नसक्ने भएमा अस्वीकार गर्न सक्ने अधिकार सम्बन्धित अदालतमा रहे भएकै मानिने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६७ साल फागुन १७ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको WO-०१४३, उत्प्रेषण मिश्रित परमादेश, *समोलिया कामती वि. बौका मुसहर समेत*

निर्णयकर्ताले निर्णय गर्दा खास निर्णयमा पुग्नुको कारणहरू उल्लेख गर्नु परे झै नरमकरम मिलाई बाँडफाँड गरिएको हो भने सो देखिने आधारहरू पनि निर्णयमा पर्याप्त रूपमा उल्लेख गरिएको हुनुपर्दछ । देखादेखी कार्यविधिगत कानूनी त्रुटि (Prima facie error on the face of record) र नरमकरम नमिलेको देखिएमा त्यस्तो अवस्थामा अदालतले उत्प्रेषणयुक्त परमादेश जारी गर्न बाध्य हुन्छ । उपरोक्त आधारहरूमा कार्यविधिसम्बन्धी त्रुटि गरी नरमकरम नमिलाई भएको निर्णय मिलेको नदेखिँदा उक्त निर्णय उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल बैशाख ४ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको CI-००९४, लिखत बदर, *साधुराम भण्डारी वि. इन्द्रमाया तण्डुकार समेत*

लिखतमा घर खर्चको लागि भन्ने व्यहोरा उल्लेख गरी सो बमोजिमको काम नगरिएको भए वा उक्त व्यहोरा नै झूट्ठा भएको भए लिखत हुनासाथ जालसाजीतर्फको जिकीर लिन सक्नुपर्नेमा सो गर्न सकेको देखिएन । त्यसै गरी जग्गा दाता भरतबहादुर तण्डुकारले निजउपर समेत परेका मुद्दामा रजिष्ट्रेशनको लिखतमा उल्लिखित व्यहोरा खण्डन गरी प्रतिउत्तर दिएको पनि देखिएन । निजले उक्त लिखतको व्यहोरा खण्डन गरी प्रतिउत्तर फिराएको भए त्यस्तो अवस्थामा विवादित लिखतमा परेको घर खर्चको व्यहोरा खण्डित भएको मानिन सक्थ्यो । अन्यथा उक्त विवादित जग्गा किनबेचसम्बन्धी लिखतमा परेको व्यहोरा अन्यथा हो भनी मान्न नमिल्ने ।

अंशवण्डाको महलको १९(२) नं.को व्यवस्थाबमोजिम उक्त विवादित कि.नं. ४६६ को जग्गा बिक्री गरेको देखिएको र सो बेचिएको जग्गा आफूले प्राप्त गरेको पैतृक सम्पत्तिको आधाभन्दा बढी पनि नदेखिएकोले त्यस्तो जग्गा बिक्री गर्ने गरी तयार भएको लिखत बदर गर्नुपर्ने सम्मको अवस्था विद्यमान नदेखिने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६७ साल फागुन १६ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको WO-०८३१, उत्प्रेषण समेत, *वीरबहादुर खत्री वि. राष्ट्रिय बीमा संस्थान समेत*

राष्ट्रिय बीमा संस्थान ऐन, २०२५ को दफा ६(२) मा अध्यक्षलगायत सञ्चालकहरूको नियुक्ति तीन वर्षको लागि हुनेछ र कार्यावधि सकिएपछि पुनः नियुक्त हुन सक्ने भनी व्यवस्था गरेको देखिन्छ । रिट निवेदकले रिट निवेदनमा उल्लेख गरेजस्तो पूर्व तथ्य वा परम्पराको कारणले कानूनमा भएको व्यवस्थालाई निष्क्रिय पार्न सकिने हुँदैन । तसर्थ तथ्य र परम्पराको आधारमा कानूनले तोकेको स्पष्ट पदावधिलाई निष्क्रिय बनाई पदावधि बढाउन नसकिने हुदा रिट निवेदक मिति २०६३।१०।२६ को निर्वाचनबाट निर्वाचित भै निजको ३ वर्षको पदावधि समेत व्यतित भैसकेको अवस्थामा प्रमाणपत्रमा उल्लेख भएको व्यहोरालाई आधार मानी निजको पदावधि अद्यापि कायमै छ भनी मान्न समेत मिल्ने नदेखिदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिली प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल बैशाख २१ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको CI-०७५९, निषेधाज्ञायुक्त परमादेश, *राष्ट्रिय बीमा संस्थान समेत वि. वीरबहादुर खत्री*

राष्ट्रिय बीमा संस्थान ऐन, २०२५ को दफा १२,१६,१७ मा भएको कानूनी व्यवस्थाअनुसार प्रत्येक वर्ष साधारणसभा गर्नुपर्ने देखिन्छ । राष्ट्रिय बीमा संस्थानले ऐनमा भएको स्पष्ट कानूनी प्रावधानहरू अनुरूप विगत वर्षदेखि साधारणसभा सम्पन्न नगरेको देखिन्छ । सर्वसाधारण एवं लगानीकर्ताको प्रतिनिधित्वका लागि समेत एवं सञ्चालकको नियुक्तिका लागि समेत साधारणसभा बोलाउन अनिवार्य भएकोले समेत सो समेतको लागि राष्ट्रिय बीमा संस्थानलाई ५ महिनाभित्र साधारणसभा बोलाउने गरी परमादेश जारी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल बैशाख २१ गते रोज ४ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको WO-०५५२, उत्प्रेषण परमादेश समेत, *दीर्घराज चौलागाई वि. प्रहरी प्रधान कार्यालय समेत*

अवकाशको निर्णय वैधानिक हुनको लागि सम्बन्धित अधिकारीले रीतपूर्वकको स्पष्टीकरण सोधी आरोपीलाई आफ्नो सफाई पेश गर्ने मौका दिएर मात्र त्यस्तो निर्णयमा पुगिएको भए त्यसले विधिवत् मान्यता पाउन सक्ने हुन्छ । केवल निर्णकर्ताको जानकारीमा मात्र रहेको निर्णयले अन्य कुनै व्यक्तिको हक एवं हितमा असर पार्न सक्ने हुँदैन । अवकाश भएको भन्ने जानकारी नै नपाएको अवस्थामा सो निर्णयउपर पुनरावेदन नगरी स्वीकार गरी बसेको हो भनी अनुमान गर्न मिल्ने समेत हुँदैन । तसर्थ कुनै निर्णय पालना गर्नको लागि पूर्वशर्तको रूपमा सो निर्णयको बारेमा जानकारी पाउनु पर्ने हुन्छ । त्यस्तो निर्णय हुनु पूर्व प्रतिवाद गर्ने मौका समेत दिएर निर्णय गरिएको र त्यस्तो निर्णयको जानकारी सो निर्णयबाट असर पर्ने व्यक्तिलाई समेत दिइएको भए मात्र सो निर्णयउपर कानूनी उपचार खोज्ने मार्ग प्रशस्त हुन्थ्यो । जानकारी नै नदिई गरिएको निर्णयले त्यस्तो अवस्थाको सिर्जना गर्न एवं यथास्थितिमा परिपालना गरी पाउने कानूनी वैधता समेत प्राप्त गर्न नसक्ने ।

इजलास अधिकृतः बिमल पौडेल
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६७ साल चैत ७ गते रोज २ शुभम् ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको WO-०२७, उत्प्रेषण, परमादेश समेत, *दिनेश मल्लाह सहनी वि. प्रहरी प्रधान कार्यालय नक्साल समेत*

निवेदकलाई रीतपूर्वकको स्पष्टीकरण समेत सोधी सफाई पेश गर्ने मौका समेत उपलब्ध गराई स्पष्टीकरणको जवाफ चित्तबुभ्दो नपाइएको आधारमा निवेदकले गरको कार्य प्रहरी ऐन नियमविपरीतको कार्य देखिएकोले निवेदक दिनेश सहनीलाई पदबाट बर्खास्त गर्ने गरी मध्यक्षेत्रीय प्रहरी कार्यालय हेटौडाबाट भएको मिति २०६३।३।९ को निर्णय एवं पत्र तथा सो निर्णय सदर गर्ने गरी भएको प्रहरी महानिरीक्षकको मिति २०६३।१०।२८ को निर्णयमा कुनै कानूनी त्रुटि देखिएन । तसर्थ तथ्य एवं प्रमाणको मूल्याङ्कन गरी भएको उपरोक्त निर्णयहरू बदर गरिपाऊँ भन्ने निवेदन मागबमोजिम आदेश जारी गर्न मिल्ने नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः बिमल पौडेल
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६७ साल चैत ७ गते रोज २ शुभम् ।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६-WO-०२५३, उत्प्रेषण/परमादेश, *कारी यादव वि. जिल्ला शिक्षा समिति धनुषा, जनकपुरधाम समेत*

जिल्ला शिक्षा कार्यालय धनुषाअन्तर्गत प्राप्त हुन आएका उपर्युक्त कोटाहरू आ.व. ०६५।६६ का लागि भएको र ती कोटाहरू वितरण गर्दा कानूनको प्रक्रिया पुऱ्याई वितरण नगरिएकोले बदर गरी माग्न यो निवेदन परेको देखियो । निवेदकको निवेदन लेखअनुसार उपर्युक्त कोटाहरू प्रत्येक आ.व.का लागि छुट्टाछुट्टै रूपमा आउने देखिन्छ । निवेदकले दावी लिएको आ.व. ०६५।६६ पहिले नै समाप्त भई आ.व. ०६७।०६८ समेत व्यतीत हुन लागिसकेको अवस्था छ । यसबाट समयको कारण विवादको विषयवस्तु र यो रिटको औचित्य हाल समाप्त भइसकेको देखिँदा खारेज हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल जेठ २६ गते रोज ५ शुभम् ।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६ सालको ०६६-WO-१०५२, उत्प्रेषण समेत, *दामोदर ज्ञवाली वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय समेत*

रा.प. द्वितीय श्रेणीमा बढुवा प्रयोजनका लागि भएको समग्र मूल्याङ्कनमा निवेदक र विपक्षीहरूको बराबर अङ्क प्राप्त भएको देखिन्छ । निवेदकको रा.प. तृतीय श्रेणीमा नियुक्ति हुँदाको योग्यताक्रम संख्या १९ भई विपक्षी प्रमोदराज रेग्मीको ३ नं. र शिवनन्दन प्रसाद साहको ५ नं. देखिएको हुँदा योग्यताक्रममा उक्त रिट निवेदकको योग्यताक्रम पछि भएको देखिन्छ । बढुवा

हुने पदको लागि भएको मूल्याङ्कनमा सबै उम्मेद्वारहरूमा बराबर अङ्क भएमा के गर्ने भन्ने सम्बन्धमा विचार गर्दा निवेदकले निजामती सेवा नियमावलीको नियम ७७ को जिकीर लिएको देखिन्छ । नियम ७७ को खण्ड (ख) को आधारमा निवेदकले तृतीय श्रेणीभन्दा एक तहमुनिको ना.सु. पदको निर्णय मितिलाई ज्येष्ठताको आधार लिएको देखिन्छ । तर विपक्षीहरूले तृतीय श्रेणीको भन्दा एक तहमुनिको पद अर्थात् ना.सु. पदमा काम गरेको विपक्षीहरूले सीधै खुल्ला प्रतियोगिताको आधारमा नियुक्त भएको हुँदा उक्त नियम ७७(ख) को अवस्थाको आधारमा उम्मेद्वारहरूको तुलना गर्न नमिल्ने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल असार ७ गते रोज ३ शुभम् ।

१५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६४-CR-००१८, CR-०३१३, अंगभंग, *नेपाल सरकार वि. वैजनाथ साह तेली समेत, शम्भु साह कानू वि. नेपाल सरकार*

ऐन कानूनले कैदको सजाय कसूरदारको बीच दामासाही हुने भनी स्पष्ट नभनेको अवस्थामा दामासाही गर्नु तर्क एवं न्यायपूर्ण देखिदैन । यदि एक व्यक्तिले गर्ने कसूर अपराधमा निजलाई हुने दण्ड सजाय नै सामूहिक रूपमा अपराध गर्ने व्यक्तिलाई तोकी दण्ड सजाय वा कसूरदारहरूका बीच दामासाही गरी तोक्ने हो भने एक्लैले गरेको भए हुने सजायभन्दा औसतमा कम सजाय हुन गई सजायको प्रभाव न्यून हुन जाने ।

एक व्यक्तिले गर्ने अपराधभन्दा एकभन्दा बढी व्यक्तिहरू मिली सामूहिक तवरले गरिने अपराधमा कसूरको मात्रा र गुरूत्व बढी हुने हुँदा कसूरदारलाई दिइने कैदको सजायमा ऐनले कसूरदारहरूका बीच दामासाही हुने भनी स्पष्ट व्यवस्था गरेको अवस्थामा बाहेक कसूरदारहरूलाई कैदको सजाय गर्दा दामासाही नगरी जनही गर्नु न्यायोचित हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

इति संवत् २०६८ साल जेठ २४ गते रोज ३ शुभम् ।

१६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६६-CR-०६७९, पुरातात्विक मूर्ति चोरी, *रामचन्द्र दाहाल वि. नेपाल सरकार*

बरामद भएको बुद्धको मूर्ति १०० वर्ष नाघेको रू. २,००,०००।- (दुई लाख) मूल्य पर्ने पुरातात्विक महत्वको भएकोले बिक्री वितरण गर्न नपाइने भनी पुरातत्व विभाग क्यूरियो शाखाले प्रतिवेदन दिएको देखिन्छ । सो प्रतिवेदनलाई समयमा नै चुनौती दिई जाँच गर्ने विशेषज्ञको नाम खुलाउन लगाई अदालतमा प्रमाण ऐन, २०३१ को दफा २३(७) बमोजिम विशेषज्ञको बकपत्र गराउनेतर्फ पुनरावेदकले प्रयास गर्दा समेत सम्बन्धित निकायबाट पहल नगरिएको भन्ने तथ्य कहीं कतैबाट स्थापित हुन नसकेको अवस्थामा पुनरावेदन सुन्ने यो उपल्लो तहमा उठाएको जिकीर कानूनसंगत नदेखिँदा प्रतिवादी रामचन्द्र दाहाललाई प्राचीन स्मारक संरक्षक ऐन, २०१३ को दफा १२(ग) बमोजिम १ वर्ष ६ महिना कैद र रू. २५,०००।- जरीवाना हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल जेठ २४ गते रोज ३ शुभम् ।

१७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६६-WO-५३६, उत्प्रेषण/परमादेश, *बलराम नापित वि. भूमिसुधार कार्यालय, भक्तपुर समेत*

प्राकृतिक न्यायको सिद्धान्तबमोजिम निवेदकलाई प्रतिवाद गर्ने मौका प्रदान नगरी निजको सम्पत्तिसम्बन्धी हक अधिकारमा असर पर्ने गरी विपक्षी भूमिसुधार कार्यालय, भक्तपुरबाट मिति २०६६।१।३ मा दावीको कि.नं. ९३ को जग्गाको निवेदकका पिता रामप्रसाद नापितको मोही लगत कट्टा गर्ने गरी गरेको निर्णय त्रुटिपूर्ण देखिएको हुँदा सो निर्णय र त्यसका आधारमा गरिएका कार्यहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल जेठ २६ गते रोज ५ शुभम् ।

१८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६५-CR-०२१०, कर्तव्य ज्यान, चोरी, *नेपाल सरकार वि. हिमबहादुर खत्री फुयाँल समेत*

तिलहरी र नगद बाहेक अन्य जिन्सी सामानहरू घीउ, चामललगायतको जिन्सी सामानहरू

मृतकका घरबाट चोरी गरी लगेको भन्ने वस्तुनिष्ठ, निश्चयात्मक प्रमाण वादीले पेश गर्न नसकेको र त्यस्ता प्रकृतिका खाद्य सामग्री सबै मानिसहरूको घरमा फेला पर्न सक्ने देखिएको हुँदा बरामद भएकै आधारमा चोरी गरेको भनी अनुमान गरी बिगो कायम गरी सजाय गर्नु न्यायोचित नदेखिने ।

प्रतिवादीहरू हिमबहादुर खत्री फुयाँल र केशरबहादुर खत्री फुयाँलले नैनकुमारी बास्कोटालाई कर्तव्य गरी मारी र निजको घरबाट बिगो रू. ५,२५०।- को तिलहरी र नगद रू. ३०००।- चोरी लगेको मिसिल संलग्न प्रमाणहरूबाट निर्विवाद रूपमा प्रमाणित भएकोले निज प्रतिवादीहरूले ज्यानसम्बन्धी महलको १३(३) नं. र चोरीको १४(२) नं. बमोजिमको सजाय हुने कसूर गरेको ठहर्छ । तर कर्तव्यज्यान तर्फ सजाय भइसकेको अवस्थामा चोरीको १४(२) नं. बमोजिम हुने सजायको हकमा दण्ड सजायको १० नं. बमोजिम ठूलो खतको मात्रै सजाय गर्नुपर्ने हुँदा चोरीको कानूनबमोजिमको सजाय तोकी असूल गर्नुपर्ने अवस्था नरहने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल जेठ २४ गते रोज ३ शुभम् ।

१९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६५-WO-०२०५, उत्प्रेषण, *कासिम अली सिद्दिकी वि. रामचन्द्र लोध समेत*

विवादित जग्गाको साविक मोही रघुनाथ लोध भएको र निजको मृत्यु भएपछि निजका छोरा रामचन्द्र लोधका नाममा अन्य हकदारहरू समेतको मञ्जूरीले मोही नामसारी गर्ने गरी भूमिसुधार कार्यालय, बर्दियाबाट मिति २०६३।१०।१७ मा भएको पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०६५।५।१० मा सदर भएको देखिन्छ । यसबाट विपक्षीमध्येका रामचन्द्र लोध कि.नं. ७९ को जग्गाको मोही भएकोमा विवाद छैन । भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ बमोजिम मोही लागेको जग्गामा जग्गाधनी र मोहीबीच जग्गा आधाआधा बाँडफाँड हुन सक्ने नै देखिन्छ । सोही दफा २६घ बमोजिम जग्गा बाँडफाँडका लागि मोही रामचन्द्र लोधको निवेदन परेपछि कानूनले तोकेको अख्तियारप्राप्त निकाय भूमिसुधार कार्यालय, बर्दियाले क्षेत्राधिकार ग्रहण गरी स्थलगत रूपमा गाउँ विकास सर्जमीन बुझी जग्गाधनी निवेदक र मोही रामचन्द्र लोधका बीचमा नरमगरम मिलाई जग्गा बाँडपाँड गरी दिएको देखिन्छ । बाँडफाँड गरिएको जग्गामा नरमगरम वा क्षेत्रफल नमिलेको भन्ने कुनै उजूरी परेको पनि देखिँदैन । यस्तो अवस्थामा विपक्षी भूमिसुधार कार्यालय, बर्दियाको निर्णय त्रुटिपूर्ण भन्न नमिल्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल जेठ २६ गते रोज ५ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६७ सालको WO-०७७१, उत्प्रेषण परमादेश समेत, *सुशीमरञ्जन बराल वि. बढुवा समिति, बढुवा समितिको सचिवालय, सामान्य प्रशासन मन्त्रालय*

निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० एवं बढुवा सूचनामा उल्लेख भएको शर्तहरूमध्ये असार मसान्तसम्म न्यूनतम् सेवा अवधि पूरा भएका कर्मचारीहरूले मात्र बढुवा दरखास्त फाराम भर्नु पर्नेमा असार मसान्तसम्म एक तहमुनि ५ वर्षको आवश्यक न्यूनतम् सेवा अवधि पूरा भै नसकेको कारणले निवेदक बढुवाको लागि सम्भाव्य उम्मेद्वार नै हुन सक्ने नदेखिएको भनी बढुवा समितिले मिति २०६७।९।८ मा यी निवेदकको बढुवा दरखास्त रद्द गर्ने गरी गरेको निर्णय एवं सोहीअनुसार लेखेको पत्र कानूनबमोजिम देखिएकोले उक्त निर्णय एवं सो पत्रले निवेदकको कुनै कानूनी हक अधिकारमा प्रत्यक्ष वा परोक्ष असर गरेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल बैशाख २७ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री सुशीला कार्की,** २०६७ सालको WH-००८३, बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ, *सुनिताकुमारी गौतम (बटाला) वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

एउटा मुख्य वारदातलाई लिएर एक पटक अभियोग लगाइसकेपछि सोसँग सम्बन्धित सहायक घटनाहरूको आधारमा पटकपटक गरी दोस्रो वा तेस्रो मुद्दा चलाउन नमिल्ने ।

कर्तव्य ज्यान मुद्दामा भएको जिल्ला अदालतको फैसलाअनुसार लागेको कैद भुक्तान गरिसकेपछि कर्तव्य ज्यान मुद्दामा दिएकै जाहेरी दरखास्तमा अपहरण भन्ने शब्द परेको आधारमा पुनः शरीर अपहरणतर्फ मुद्दा दायर गर्नु र त्यसमा पुर्पक्षका लागि थुनामा राख्नेलगायतका कामकारवाहीहरू अदालती बन्दोबस्तको ७३ नं. र नेपालको अन्तरिम संविधान २०६३ को धारा २४(६) समेतको विपरीत देखिने ।

रमिला श्रेष्ठले जाहेरी दरखास्तबाट कारवाही भई वादी नेपाल सरकार र प्रतिवादी गोविन्दबहादुर बटाला समेत भई दायर भएको कर्तव्य ज्यान मुद्दामा अदालतबाट मिति २०६८।२।१७ मा फैसला भई सो फैसलाअनुसार ठहरेको कैद भुक्तान गरिसकेको मात्र नभई सो फैसलाअनुसार वादी नेपाल सरकार र प्रतिवादीले पुनरावेदन गर्न सक्ने एवं पुनरावेदन परेमा अदालतबाट अन्तिम निर्णय हुन सक्ने अवस्था समेत बाँकी रहँदारहँदै पुनः मिति २०६८।३।१ को रमीला श्रेष्ठको जाहेरी दरखास्तको आधारमा मानिस अपहरण तथा शरीर बन्धक मुद्दा चलाउने र सोसँग सम्बन्धित अन्य कारवाहीहरू गरेको देखिएकोले ती सबै कामकारवाहीहरूलाई बदर गर्नुको साथै यी रिट निवेदकलाई सो मुद्दाको अनुसन्धान र पुर्पक्षको सिलसिलामा थुनामा राखिएको कार्य पनि असंवैधानिक भएकोले सो समेत बदर गरी निज गोविन्दबहादुर बटालालाई आजै थुनामुक्त गर्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः प्रेमबहादुर थापा/विदुषी रायमाझी

इति संवत् २०६८ साल असार ६ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको स.फौ.पु.नं. CR-०४१८, CR-०५९२, कर्तव्य ज्यान, *मानबहादुर भण्डारी वि. नेपाल सरकार, नेपाल सरकार वि. मेरू भण्डारी*

जाहेरवालाको किटानी जाहेरी, प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष मृतकलाई ढुङ्गाले हानेकोमा साविती भई गरेको बयान, अदालतसमक्ष पनि ढुङ्गा लिएको सम्म स्वीकारै गरेको तथ्य तथा लास प्रकृति मुचुल्काबाट टाउकोमा, निधारमा काटेको घाउ, लास पोष्टमार्टम रिपोर्टमा Frontal bone was craked अर्थात् निधारको हड्डी फुटेको भनिएको र Cause of Death मा स्नायु प्रणालीमा आघात परेको कारणले मृत्यु भएको भन्ने उल्लेख भएबाट यी पुनरावेदक प्रतिवादी मानबहादुर भण्डारीले नै निधारको हड्डी फुट्ने गरी ढुङ्गाले प्रहार गरेको कारणले मृतक ललितबहादुर भण्डारीको निधार फुटी स्नायु प्रणालीमा समेत आघात पर्न गई मृत्यु भएको देखिने ।

जाहेरवालाले मेरू भण्डारीले पनि आँसीले मृतकको टाउकोमा हानेको भनी बकपत्रमा लेखाई दिए तापनि लास प्रकृतिबाट टाउकोमा धारिलो हतियार हँसियाले काटिएको प्रकृतिको घाउ चोट देखिएको छैन । अपितु मृतकको निधारमा देखिएको तीनवटा काटिएको घाउ, Blunt Instrument वा धार नभएको वस्तुको प्रहारबाट लागेको देखिएको छ । यसबाट पनि प्रतिवादी मेरू भण्डारीले पनि मृतकको टाउकोमा हँसिया प्रहार गरेबाट घाउ परेको भन्ने तथ्य स्थापित हुन नआउने ।

प्रतिवादीले अदालतमा गरेको बयानबाट निज र ललितबहादुरबीच रू. ३००।- का लागि झगडा, हात हालाहाल समेत भएको देखिन्छ । सोही जरियाबाट उठेको रिस र विवादको कारण कुटपीट समेत भई ललितबहादुरलाई ढुङ्गा प्रहार गरी मानबहादुरले कर्तव्य गरी मारेको आरोप प्रमाणित भइसकेको अवस्था भए पनि यी दुईबीच पुरानो र मार्नै पर्ने सम्मको पारिवारिक वा अन्य रिसइवी रहेको देखिएन । ज्यानै लिने नियतले कुनै विशेष पूर्व योजना बनाएको वा ठूलो षड्यन्त्र, तयारी गरेको पनि छैन । सामान्य विषयमा तत्काल उठेको रिसले ढुङ्गा समेतले प्रहार गरी मारेको अवस्था देखिँदा अ.बं. १८८ नं. अनुसार जम्मा १०(दश) वर्ष कैद हुने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल बैशाख ७ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको CI-०६५४, पर्खाल भत्काई निकास खुलाई पाऊँ, *जगतप्रकाश थापा वि. निर्मला अर्याल*

प्रतिवादी जगतप्रकाश थापाले निजको साविकको कि.नं. ३७१ कि.का. गरी कि.नं. ४२७, ४२८ र ४२९ कायम भएको रहेछ । निज प्रतिवादीले कि.नं. ४२७ को जग्गा मिति २०५६।१२।११ मा साजन राउतलाई राजीनामा पारीत गरिदिँदा कि.नं. ४२८ बाटो प्रयोजनको लागि भनी सो राजीनामाको लिखतमा उल्लेख गरेको देखिन्छ । नापी शाखाबाट प्राप्त मिसिल संलग्न फिल्डबुकमा समेत उक्त कि.नं. ४२८ को ०-१-० जग्गा बाटो प्रयोजन भनी उल्लेख भएको देखिन्छ । यसबाट विवादित कि.नं ४२८ को जग्गा बाटो प्रयोजनको लागि छुट्याई राखिएको भन्ने देखिन आयो । यसरी बाटो प्रयोजनको लागि राखिएको सार्वजनिक जग्गालाई प्रतिवादीको निजी जग्गा वा निजी प्रयोजनको लागि छुट्याइएको भन्न नमिल्ने ।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल बैशाख १३ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६३ सालको WH-००६७, बन्दीप्रत्यक्षीकरण, *पुष्पराज पौडेल वि. बालसुधार गृह व्यवस्थापन समिति, सानोठिमी समेत*

जिल्ला अदालतमा विचाराधीन रहेको मुद्दामा कानूनको प्रत्यक्ष त्रुटि भएको नदेखिएसम्म माथिल्लो अदालतबाट तल्लो अदालतमा विचाराधीन रहेको मुद्दाको निर्णयमा असर पर्ने गरी निर्णयादेश हुनु हुँदैन । कानूनले अख्तियार प्रदान गरेको निकाय जिल्ला अदालतबाट मुद्दा पुर्पक्षका सिलसिलामा थुनामा रहने गरी यी निवेदक अर्जुन लामालाई बालसुधार गृहमा पठाएको देखिँदा त्यस्तो थुनालाई गैरकानूनी थुना भन्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल बैशाख १४ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको MS-००९, २०६६ सालको FN-०२७७, अदालतको अपहेलना, *फ्रान्सिने मार्सल वि. अशोक अमात्य समेत*

विवादित साविक कि.नं. ४४३ को घर जग्गा यी रिट निवेदिका फ्रान्सिने मार्शलको एकल लगानीमा खरीद भएकोमा निजलाई अशोक अमात्यले ठगी गरेको ठहर भइसकेको र सो ठगी मुद्दाबाट भरी पाउने ठहरेको यी निवेदकको बिगो असूलउपर नभइन्जेलसम्म उक्त घरजग्गा कब्जा खिचोला नगर्नु निवेदकालाई यथावत् भोगचलन गर्न दिनु भनी निषेधाज्ञाको आदेश समेत जारी भएकोमा विपक्षीहरू अशोक अमात्य र मोहनबहादुर मैनालीले सो आदेशलाई कार्यान्वयन हुन नदिनका लागि दूषित मनसायले अदालतको फैसला र न्यायिक प्रक्रियालाई निरर्थक बनाउन जग्गा बिक्री गरेको देखिँदा विपक्षीहरूमध्येका अशोक अमात्य र मोहनबहादुर मैनालीले यस अदालतको मिति २०६४।११।९ को फैसला र आदेश समेतको अवज्ञा गरी अपहेलना गरेको देखिएकोले निजहरूलाई सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७(१) अनुसार जनही २/२ महिना कैद र रू. ५/५ हजार जरीवाना हुने ।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल फागुन ५ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा. डा. श्री भरतबहादुर कार्की,** ०६३-WO-५३९, उत्प्रेषण/परमादेश, *लाजवन्ती न्यौपाने समेत वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय समेत*

निवेदकले बढुवा हुनुपर्ने भनी माग दावी लिएको रा.प. तृतीय श्रेणीको पदमा निजहरूको बढुवा भइसकेको देखिन आई रिट निवेदनको औचित्य समाप्त भएको देखिन आएबाट प्रयोजनहीन भइसकेको रिट निवेदनको औचित्यभित्र प्रवेश गरी निर्णय गरिरहनु नपर्ने ।

इजलास अधिकृतः श्रीप्रसाद उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल चैत २१ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको ०६३-WO-५२९, उत्प्रेषण/परमादेश, *हिरालाल प्रसाद तेली वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय समेत* भएको मुद्दा पनि यसैअनुसार आदेश भएको छ ।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा. डा. श्री भरतबहादुर कार्की,** २०६३-WO-११०९, उत्प्रेषणमिश्रित

परमादेश, *सकुन्तलादेवी सिंह भूमिहार वि. रामचन्द्र सिंह भूमिहार समेत*

भरिपाउने बिगो एक, दुई केही कित्ता जग्गाबाटै उठ्न सक्ने अवस्था हुँदाहुँदै भएभरको सबै जग्गाबाट तर्फ समेत आफैं छानी लिलाम गराउनु सरासर कानूनविपरीत र अन्यायपूर्ण कार्य हो । बिगो असूलउपर गर्न चाहिने जति जग्गा लिलाम गरी बिगो भराउन सक्नेसम्म कानूनी व्यवस्था हो । ऋणी वा तिनका परिवारका नाममा रहेको सबै जग्गाबाट छानीछानी जग्गा नै लिने गरी बिगो भराउ गर्ने कानूनी व्यवस्थाको उद्देश्य नभएको हुँदा ऋणीलाई मात्र पञ्चकीर्ते मूल्याङ्कन र लिलामीको सूचना दिएर नपुग्ने ।

दर्तावालालाई सूचना नै नदिई निजको नामको घर जग्गा लिलाम गर्नु गराउनु कानूनविपरीतको कार्य हो । साथै अन्य जग्गाहरू बाँकी रहँदारहँदै धेरै जग्गाबाट वा सबै कित्ताबाट र घर बासको जग्गाबाट पनि कित्ताकाट गरी लिलाम गर्नु गराउनु कानूनविपरीत र अन्यायपूर्ण कार्य हो । यस्तो कार्यलाई मान्यता प्रदान गर्न सकिँदैन । यसबाट दर्तावालाको कानूनी हकमाथि गैरकानूनी ढंगले अतिक्रमण भएको मान्नुपर्ने हुन्छ । यस्तो अवस्थामा त्यस्तो दर्तावालाको लिलाम बदर मुद्दा नदिएको भन्ने कारणले त्यस्तो कार्य कानूनसम्मत् हुन सक्दैन वा दर्ता बदरमा फिराद दायर नगर्नुको परिणामबाट गैरकानूनी लिलाम कानूनी बन्न नसक्ने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल चैत २१ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायण दास,** २०६५ सालको दे.पु.नं. ०३६८, निर्णय बदर, *प्रजेशनाथ उप्रेती वि. सम्पतलाल झाँगड*

मोही हक निर्क्यौल गर्ने आधिकारिक प्रमाण मोहियानी प्रमाणपत्र नै हो । त्यसमा बुद्धिराम झाँगड भन्ने उल्लेख भई मोहियानीको पुष्टि भैसकेपछि बुद्धिराम र बन्धु झाँगड एउटै हो वा अलग हो भन्ने सम्बन्धी प्रश्नमा प्रवेश गर्नुपर्ने आवश्यकता नै रहेन । साथै बीसौं वर्षदेखि मोही रही आएको बुद्धिराम वा निजका हकवालाउपर प्रस्तुत जग्गाका जग्गाधनलि मोही निष्काशनतर्फ उजूर पनि गरेको देखिँदैन । यस्तो अवस्थामा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५(१) बमोजिम प्राप्त गरेको मोहियानी हक कायमै रहेको मान्नुपर्ने ।

विवादको कि.नं. ९७ को जग्गामा बुद्धिराम झाँगड कानूनबमोजिम अधिकार प्राप्त मोही भइरहेकोले निज बुद्धिरामका छोरा यी पुनरावेदक सम्पतलालले जग्गा जोत कमोद नगरेको भन्ने विवाद पनि प्रस्तुत मुद्दामा उठान भएको देखिँदैन । भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) ले मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजका हक निजपछि निजको पत्नी छोरा समेतले प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ । यी पुनरावेदक सम्पतलाल मोही बुद्धिराम झागडको छोरा भन्ने कुरामा विवाद नभएको अवस्थामा प्रचलित कानूनबमोजिम मोहियानी हक सर्ने व्यवस्था हुँदाहुँदै त्यसलाई निष्प्रभावी गर्ने गरी विद्यमान कानूनी व्यवस्थाको प्रतिकूल कि.नं. ९७ को जग्गाको मोहियानीका लगत कट्टा गर्नु कानूनसंगत देखिएन । कानूनविपरीत गैरजिम्मेवारीपूर्ण ढंगबाट मोही लगत कट्टा गर्ने गरेको निर्णय बदर हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल बैशाख ३० गते रोज ६ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६६ सालको दे.पु.नं. ०२३४, हर्जाना क्षतिपूर्तिसहित सम्पत्ति फिर्ता पाऊँ, *लक्ष्मणनाथ वि. जिल्ला प्रशासन कार्यालय समेत*

सार्वजनिक जग्गामा बनाएको घर जिल्ला प्रशासन कार्यालयले कानूनबमोजिम नै हटाएको देखिँदा त्यस्तो कार्यलाई अन्यथा भन्न मिल्ने देखिएन । वादीको घरमा रहेका सामानहरू मुचुल्का गरी सुरक्षित राखिएको देखिँदा सो मुचुल्कामा उल्लिखित सामानहरू फिर्ता लिन गए यी वादीले फिर्ता पाउने नै हुँदा वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल जेठ २२ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-CI-०२३१, मोही नामसारी, *मीराबहादुर थारू वि. ठग्गु थारू*

मोहीले कमाउन पाउने हद तोकेको भए पनि सोअनुसार मोहीले कमाएको जग्गा हदबन्दीभन्दा बढी भए नभएको छानबीन गरी यकीन गरी बढी भएको भए त्यस्तो जग्गामा मोही कायम हुन सक्ने नसक्ने निर्णय गर्नु पर्नेमा सो समेत हालसम्म भए गरेको पाइएन । जग्गाधनीबाट समेत दावीको जग्गा मोहीले कमाउने हदभन्दा बढी भएको जग्गा आफैंले कमाएको भए जग्गाधनी प्रमाणपूर्जामा मोहीको नाम हटाउनेतर्फ कारवाही गर्न सक्नु पर्नेमा हालसम्म पनि कुनै कारवाही गरी मोहीको लगत कट्टा गर्ने प्रयत्नसम्म पनि गरेको देखिएन । यस्तो अवस्थामा यस मुद्दाबाट मोहीको हदबन्दी सम्बन्धमा निर्णय गर्न समेत मिल्ने देखिन आएन । यसरी दावीको कि.नं. २३५ को स्रोत कि.नं. ३० मा प्रत्यर्थीका बाबु लौटन थारू मोही रहेको र हालसम्म पनि निज नै मोही कायम रहेको अवस्था देखिएकाले निजको एकमात्र हकवाला पत्यर्थी वादी ठग्गु थारू मोही कायम हुन नसक्ने र निजको नाममा मोही हक नामसारी हुन नसक्ने भन्ने कुनै वस्तुनिष्ठ आधार र प्रमाण देखिन आएन । दावीका जग्गामा निज मोही कायम भै निजको नाममा मोहीहक नामसारी हुने नै देखिने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल असार ३ गते रोज ६ शुभम् ।

- यसै लगाउको २०६७-CI-०२३७, मोही नामसारी, *प्रेमबहादुर थारू वि. ठग्गु थारू* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६५-CR-०१७६, कुटपीट, *सावित्री गौतम समेत वि. रत्नाकुमारी भण्डारी*

प्रतिवादीहरूको घटनास्थलमा थिएनौं भन्ने विरोधाभाषपूर्ण बयान तथा निजहरूको साक्षीको कथन प्रमाणमा लिन सकिने देखिन आएन । अतः घटनास्थलमा तत्काल पुगेका वीरबहादुरको भनाईबाट छुरी प्रतिवादी पुनरावेदक गायत्री गौतमको हातमा देखेको हुँ भनी गरिदिएको बकपत्रबाट जाहेरी दरखास्तको व्यहोरा पुष्टि हुन आएकोले यी पुनरावेदक प्रतिवादी सावित्री गौतमको चोट प्रहारबाट पीडित जाहेरवाली वादी रत्नाकुमारी भण्डारी घाइते भएको र निजहरूले नै जाहेरवालीलाई कुटपीट गरेको देखिने ।

तत्काल घटनास्थलमा पुगेका वीरबहादुरको बकपत्रबाट गायत्रीको हातमा चक्कु भएको भन्ने देखिएको र घटनास्थलमा मौजूद रहेकी पीडक सावित्री गौतम र गायत्री गौतम दिदी बहिनी नाताका भएको हुँदा जाहेरवाली वादीलाई कुटपीट गर्ने कार्यमा सहयोग गरिनन् भनी विश्वास गर्न सकिने आधार नदेखिएकाले कुटपीट कार्यमा संलग्न रही सहयोग गरेको देखिने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल पुस १ गते रोज ५ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको दे.पु.नं. ०६६-CR-०७१०, कर्तव्य ज्यान, *मोहमद रफिक मन्सुरी वि. नेपाल सरकार*

बाबुबाट लिनुपर्ने रकमको सम्बन्धमा समुचित बाटोको अवलम्बन नगरी सोही रिसइवी राखी ७ वर्षको अवोध बालकलाई मार्नेसम्मको प्रतिवादीको कार्यमा क्रुरता र अपराध पछाडि योजनावद्ध मानसिकता रहेको समेत देखिन्छ । यी प्रतिवादीले मृतकको बाबुले रकम नदिएको कारणले बच्चाको ज्यान मार्नेसम्मको पूर्व मनसाय लिइरहेको देखिन्छ । मृतकको बाबुसँग सोही कारणले पहिलेदेखिकै रिसइवी पनि रहिरहेको देखिन्छ । यी प्रतिवादीले मृतकलाई बजार घुमाउन लगेकोमा मार्ने मनसाय राखी जंगलमा लैजानु र धागोको रस्सी बनाई मार्ने हतियारको रूपमा प्रयोग गर्नु क्रुरता र योजनावद्ध अपराधको चरमोत्कर्ष हो । यसरी यी प्रतिवादीले मार्नेसम्मको पूर्व योजना बनाई निर्मम तरीकाले कर्तव्य गरी मारेको अवस्थामा अ.बं. १८८ नं. को प्रयोग गरी कम सजाय गर्नुपर्ने अवस्था देखिन नआउने ।

साविती, लास प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, घटनास्थल प्रकृति मुचुल्का, मौकाको कागज तथा बुझिएका व्यक्तिहरूको कागज समेतले उक्त

प्रतिवादीको साविती पुष्टि हुने अवस्था देखिँदा उक्त आधार प्रमाणहरूबाट समेत प्रतिवादीलाई सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ साल चैत ९ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको दे.पु.नं. CI-०८९५, अंश दर्ता, *रनबहादुर लाप्चा समेत वि. रामकुमार लाप्चा समेत*

२०१० सालमा नै वादीका बाबु छुट्टिएको भनी प्रतिवादीले जिकीर लिए पनि उक्त मितिमा प्रतिवादीहरूका बाबु जेठा, बाबु र काकासँग वादीको बाबु छुट्टिएको कुनै लिखत प्रमाण पेश दाखिल हुन नसकेको अवस्थामा अंश जस्तो नैसर्गिक अधिकारबाट वादीलाई बञ्चित गर्न मिल्ने नदेखिँदा फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी वादी प्रतिवादीबाट पेश भएको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिबाट वादीहरूले दुई भागको एक भाग अंश छुट्याई चलन समेत चलाई पाउने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल जेठ ११ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६७ सालको फौ.पु.नं. CR-०७८८, जालसाज, *रनबहादुर लाप्चा समेत वि. रामकुमार लाप्चा समेत*
- २०६७ सालको दे.पु.नं. CI-०८९६, मिलापत्र बदर दा.खा. नामसारी, *रनबहादुर लाप्चा समेत वि. रामकुमार लाप्चा समेत*
- २०६७ सालको दे.पु.नं. CI-०८९७, लिखत बदर दा.खा. नामसारी, *प्रतापसिँह लाप्चा समेत वि. रामकुमार लाप्चा समेत*

## इजलास नं. १०

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** २०६७ सालको फौ.सा.नं. CR-०१००, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बलराम रेग्मी*

अपरिपक्व उमेरमा गरेको अपराधलाई पूर्ण वयस्क मानिसले गर्ने अपराधसरह राख्न नमिल्ने र त्यस्तो उमेर नपुगेको बालबालिकाको लागि ऐनले कम सजायको अवस्था गरेको देखिन्छ तापनि बाल विधिशास्त्रको स्थापित विश्वव्यापी मान्यताअनुसार निजलाई सुधार गर्न छूट वा सुविधा प्रदान गरी कम सजाय गरिनु वाञ्छनीय देखिन आएकोले ५ वर्षको कैद सजाय गर्दा नै पर्याप्त ठानी निज प्रतिवादी बलराम रेग्मीलाई ५ वर्षको सजायको प्रस्ताव गरी साधक जाहेर गरेको राय समेत मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-CI-०८८१, मोही लगत कट्टा, *सुशील भट्टराई समेत वि. बिहारी राय अमात*

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) (ग) को कानूनी व्यवस्था हेर्दा कुनै मोहीले जग्गा छाडी भागे वा बेपत्ता भएमा सो कुराको जग्गावालाले लिखित सूचना तोकिएको अधिकारीछेउ २५ दिनभित्र दिनुपर्नेछ र तोकिएको अधिकारीले सो कुराको जाँचबुझ गरी दफा २५ को उपदफा (५) बमोजिम दर्ता किताबमा सच्याउनु पर्ने र ऐनको दफा २६(१) बमोजिम सच्याएको सूचना मोहीले प्राप्त गरेपछि मात्र मोही लगत समाप्त भएको मान्नुपर्ने ।

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २९ को अवस्था परेमा दर्तावाला मोहीको मोही हकको समाप्ति हुने हो । तर प्रस्तुत मुद्दामा दफा २९ को दावी नभई दफा २६(१)(ग) को दावी भएको देखिँदा उक्त दफामा उल्लिखित प्रक्रिया पूरा नगरी मोही लगत कट्टा भएको मानिदैन । प्रस्तुत मुद्दामा मोही लगत कट्टा गर्दा सो बमोजिमको प्रक्रिया पूरा गरेको भन्ने नदेखिदा पुनरावेदक वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल असार २४ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६७-WO-१०००, उत्प्रेषणमिश्रित परमादेश, *जीवन महर्जन समेत वि. दानबहादुर महर्जन समेत*

कुनै फैसला कायान्वयन गरिएको कार्यलाई चुनौती दिने पक्षले फैसलाअनुसार के कसरी सो फैसला कार्यान्वयन हुनुपर्दथ्यो भन्ने कानूनसम्मत् विकल्प पनि दिन सक्नुपर्ने हुन्छ । केवल कार्यविधिका रौचिरा त्रुटि औंल्याइएका आधारमा मात्र कार्यान्वयन भइसकेको प्रक्रियालाई लम्ब्याउनु न्यायोचित हुँदैन । हार्ने पक्षलाई आफूले निर्वाह गर्नुपर्ने दायित्व वा कर्तव्यको जानकारी हुन्छ र उसलाई सूचना दिई कार्यान्वयन प्रक्रिया आरम्भ भएको छ र यो प्रक्रिया कानूनद्वारा निर्धारित आधारभूत व्यवस्थाप्रतिकूल देखिँदैन भने सो प्रक्रिया तथा आदेश थप न्यायिक परीक्षणको विषय बन्न नसक्ने ।

जग्गा छुट्ट्याउँदा पश्चिमतर्फको बाटो दुबै पक्षलाई बराबर पर्ने गरी नरमगरम मिलाई जग्गा छुट्ट्याई तर्फ सम्बन्धमा विवाद परेपछि गोलाप्रथाबाट बाँडेको भन्ने देखिएको र यिनै पक्ष विपक्षका बीच विभिन्न मुद्दा चली तह-तहबाट फैसला भई फैसला कार्यान्वयनको सिलसिलामा खडा भएको प्रस्तुत चलन मुचुल्कामा जग्गा छुट्ट्याउँदा फैसलाविपरीत त्रुटि गरेको समेत नदेखिएको अवस्थामा रिट क्षेत्राधिकारबाट यस अदालतले फैसला कार्यान्वयनका सिलसिलामा भए गरेको कार्यलाई रोक्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल असार २० गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. CI-०५१७, निषेधाज्ञा, *सरोजकुमार भगत वि. सरस्वती प्रा.वि. समेत*

निवेदकले आफ्नो निवेदन दावीमा उल्लेख गरेको कि.नं. ४२ को जग्गा नापी फिल्डबुकका सरस्वती प्रा.वि. को नाम उल्लेख भएको तथा कैफियत महलमा ऐलानी भनी जनिएको देखिएको छ। यसरी निवेदकले उल्लेख गरेको कि.नं. ६७ समेतमा मिलापत्र बदर समेत मुद्दा जिल्ला अदालतमा चलिरहेको अवस्थामा निवेदकले आफूले दावी लिएको जग्गामा निजको निर्विवाद हक स्थापित हुन नसकेको अवस्थामा निषेधाज्ञाको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल असार ९ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको दे.पु.नं. CI-०४९०, परमादेश, *दीर्घबहादुर लामिछाने वि. यमनाथ आचार्य*

आफूकहाँ पर्न आएको जाहेरी दर्ता गरी सो अनुसारको आवश्यक कानूनी कामकारवाही गर्ने दायित्व सम्बन्धित सरकारी कार्यालयको भएकोमा लामो समयसम्म त्यत्तिकै राखी रहनु न्यायको मान्य सिद्धान्तको समेत विपरीत हुन जान्छ । यदि कुनै व्यक्तिको उजूरी तथ्यमा आधारित छैन भने पनि सोही व्यहोरा खोली निवेदनलाई तामेलीमा राख्न सक्ने नै हुन्छ भने अर्कोतर्फ वास्तविक मर्का पर्ने व्यक्तिले उजूर गर्न आएपछि सो सम्बन्धमा लामो समयसम्म त्यत्तिकै राखी रहँदा व्यक्तिको हक अधिकारमा आघात पर्नजाने हुँदा कानूनबमोजिम कारवाही गरी टुङ्गो लगाउने दायित्व भएको श्रम विभागका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल असार ९ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको दे.पु.नं. CI-०८६६, निषेधाज्ञा परमादेश, *प्रेमप्रसाद शर्मा वि. बुटवल नगरपालिका कार्यालय बुटवल समेत*

राजीनामाको किल्लामा आफ्नो जग्गा परेको भए निवेदकहरूले प्रचलित कानूनबमोजिम उपचार लिन जहिलेसुकै पनि सक्ने नै देखिन्छ । अर्कोतर्फ पूर्व फैसलाबमोजिमको कार्य नगरेकोले परमादेश जारी गरिपाऊँ भन्ने जिकीरको सम्बन्धमा हेर्दा सक्षम अदालतबाट एकपटक निर्णय भइसकेपछि पटकपटक उही विषयमा निर्णय गर्दै जानु न्यायको मान्य सिद्धान्त समेतबाट मिल्ने हुँदैन । यसको साथसाथै विपक्षी नगरपालिकाको लिखित जवाफमा निवेदन कारवाहीयुक्त अवस्थामा रहेको भन्ने देखिएबाट समेत निवेदन मागबमोजिम उही विषयमा दोहोऱ्याएर परमादेशको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल असार ९ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-CI-०३७५, मोही नामसारी, *मु.स. गर्ने सुकु श्रेष्ठ वि. लालमोहरिया पूजारी मदन भट्ट समेत*

काठमाडौं जिल्ला जोरपाटी गा.वि.स. वार्ड नं. ९(क) कि.नं. ४८ र ४९ को जग्गा प्रतिवादी मदन भट्टलाई निजी रूपले हक प्राप्त हुने गरी दिएको निजको निजी नभै पूजा चलाउने प्रयोजनका लागि भोग गर्न मात्र दिएको गुठीको जग्गा हो रहेछ भन्ने उक्त लालमोहरको व्यहोरा र १९९७ सालको गुठीको लगतबाट पुष्टि हुन आयो । मोहीको दावी समेत निज मदन भट्टले भूमिसुधार कार्यालय काठमाडौंबाट मिति २०६४।७।१९ मा छोडी सो जग्गामा घरबास समेत आशामायाले बनाएको भनी लेखाएको र पुनरावेदन अदालतमा पुनरावेदन गर्दा घरसम्ममा मात्र दावी गरेको देखिँदा निज मोही हुन् होइनन् भनी थप विवेचना गरी रहन नपर्ने ।

वादी आशामायाका पिता श्रीमान् श्रेष्ठलाई गुठीको निश्चित् काम गर्न उक्त जग्गा भोग गर्न दिएको भन्ने नपाइँदा निज नै मोही कायम हुन सकेको पाइएन । पुनरावेदिकाको पिता नै मोही कायम नभै सकेकोमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) अनुसार वादी मोही कायम हुन सक्ने देखिँदैन । यस्तो स्थितिमा वादी आशामायाका पिता मोही कायम भएको र वादी मोही कायम हुन सक्ने भन्ने कुनै आधार, प्रमाण र कानूनी व्यवस्था समेत देखिन नआउने ।

दावीको जग्गा गुठी तैनाथी जग्गा देखिएकोले त्यस्तो जग्गामा मोही कायम हुन नसक्ने र मोही कायम हुन नसक्ने जग्गाको मोही नामसारी हुन नसक्ने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल जेठ २० गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको WO-०२५४, उत्प्रेषण परमादेश, *लालबहादुर जिरेल वि. नापी शाखा कार्यालय, दोलखा चरिकोट समेत*

निवेदकको दावीबमोजिमको कि.नं. २०३८ को जग्गा दोलखा जिल्ला, जिरी गा.वि.स. वडा नं. ७ बस्ने मन्दोलेको बुहारी तेजबहादुरको श्रीमती आन्तारी जिरेलको नाउँमा जग्गाधनी दर्ता स्रेस्ता भएको देखिन्छ । उक्त प्रमाणित प्रतिलिपिबाट निवेदकको दावीबमाजिमको जग्गा सरकारी जंङ्गलमा परिणत गरेको देखिन आउने ।

निवेदकको नाउँको जग्गा सरकारी जग्गामा परिणत गर्ने निर्णय गरेको भए कानूनबमोजिम उजूर गर्न पाउनेमा सो तर्फ समेत निवेदकले कुनै उजूर गरेको नदेखिँदा दावीबमोजिमको कि.नं. २०३८ को जग्गा सरकारी जङ्गलमा परिणत गरेको नभै सो जग्गा आन्तारी जिरेलको नाउँमा दर्ता भएको देखिएकाले रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई
कम्प्युटरः मणिराम चौधरी
इति संवत् २०६७ साल फागुन १९ गते रोज ५ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६६ सालको WO-०२५५, उत्प्रेषण परमादेश, *रत्नबहादुर जिरेल वि. नापी शाखा कार्यालय, दोलखा चरिकोट समेत*
- २०६६ सालको WO-०२५६, उत्प्रेषण परमादेश, *दानबहादुर जिरेल वि. नापी शाखा कार्यालय, दोलखा चरिकोट समेत*
- २०६६ सालको WO-०२५७, उत्प्रेषण परमादेश, *आङदावा शेर्पा वि. नापी शाखा कार्यालय, दोलखा चरिकोट समेत*
- २०६६ सालको WO-०२५८, उत्प्रेषण परमादेश, *टहलबहादुर जिरेल वि. नापी शाखा कार्यालय, दोलखा चरिकोट समेत*
- २०६६ सालको WO-०२५९, उत्प्रेषण परमादेश, *नरबहादुर जिरेल वि. नापी शाखा कार्यालय, दोलखा चरिकोट समेत*
- २०६६ सालको WO-०२६०, उत्प्रेषण परमादेश, *कुलबहादुर जिरेल वि. नापी शाखा कार्यालय, दोलखा चरिकोट समेत*
- २०६६ सालको WO-०२६१, उत्प्रेषण परमादेश, *तुलमान जिरेल वि. नापी शाखा कार्यालय, दोलखा चरिकोट समेत*

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको फौ.पु.नं. ०२२५, नाता प्रमाण पत्र कीर्ते, *सागरमान व्यञ्जनकार समेत वि. रत्नबहादुर व्यञ्जनकार*

मोतीमायासँग सँगै बसी आएका सानुकाजीका परिवार यी प्रतिवादीहरूले मोतीमायालाई नै सासू, हजूरआमा मानी मिति २०४४।४।२० मा जिल्ला कार्यालय ललितपुरबाट नाताको प्रमाणपत्र लिएको सम्बन्धमा यिनै वादीको जिल्ला प्रशासन कार्यालयमा उजूरी निवेदन परेकोमा यी प्रतिवादीहरूले मोतीमायालाई सासू तथा हजुरआमाको नाता देखाई लिएको उक्त नाताको प्रमाणपत्र रद्द गरिदिएमा मञ्जूरी छ भनी बयान गरेकोले सो कार्यालयको मिति २०६५।१२।३० को निर्णयानुसार उक्त मिति २०४४।४।२० को नाता प्रमाणपत्र रद्द समेत भइसकेको छ ।

प्रतिवादीहरूले बनाएको विवादित मिति २०४४।४।२० को नाताको प्रमाणपत्रले वादीहरूको के कस्तो हक मेटिन गएको हो वा हदम्याद तारेख गुज्रन गएको हो सो केही कुरा उल्लेख गरेको पाइदैन । साथै उक्त मिति २०४४।४।२० को नाताको प्रमाणपत्रको कानूनी अस्तित्व नै समाप्त भइसकेको देखिँदा तथ्यको यस पृष्ठभूमिमा प्रतिवादीहरूका कार्यलाई दुराशययुक्त नै भन्न नमिल्ने ।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल फागुन ३० गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-WO-०२३९, उत्प्रेषणयुक्त परमादेश समेत, *राजुकुमार बि.सी. वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय समेत*

कुनै निकायको काममा खोट देखाउन उसले कानूनद्वारा निर्धारित कार्यविधि उल्लंघन गर्दै दुराशयकासाथ काम गरेको स्थापित हुनुपर्दछ । बन्द हड्तालले गर्दा थाहा भएन भनेर कसैले जिकीर लिँदैमा तोकिएको अधिकारीले कानूबमोजिम गरेको कार्य अमान्य हुन सक्दैन । बढुवा समितिको दुराशय थियो र आफू बहाल रहेको कार्यालयले यी निवेदकलाई मात्र बढुवा मागको जानकारी दिनुपर्ने कारण के थियो भन्ने सन्दर्भमा कुनै कारण र औचित्य देखाउन नसकेको अवस्थामा कानूनको परिधिभन्दा बाहिर गई परमादेश प्रकृतिको आदेश जारी गर्ने अख्तियारी उजूरी सुन्ने अधिकारीलाई दिइएको नपाइने ।

त्यसै पत्रिकामा प्रकाशित पछिल्लो सूचना थाहा पाउनेले पहिले प्रकाशित भएको सूचना थाहा पाएनौं भन्न मिल्ने देखिँदैन । पत्रिकाबाहेक पनि बाँके जिल्लाअन्तर्गत आन्तरिक राजश्व कार्यालय समेतमा सूचना टाँस भएको बढुवा समितिको फायल संलग्न कागजातबाट देखिन्छ । त्यससँग सम्बन्धित सरोकारवालाले ती कार्यालयहरूमा टाँस गरिएको सूचनाबाट समेत जानकारी प्राप्त गर्न सक्ने नै हुन्छ । मूलतः बढुवा समितिको दुराशय स्थापित नभएसम्म उसका कार्यमा शंका गर्न नसकिने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०६७ साल जेठ २९ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६६ सालको WO-१२९१, उत्प्रेषण समेत, *रूद्रराज न्यौपाने समेत वि.बढुवा समितिको सचिवालय, जिल्ला प्रशासन कार्यालय, नेपालगञ्ज समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

११

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५-CR-०१२६, लागू औषध (चरेश), *नेपाल सरकार वि. अर्जुन देउजा*

प्रतिवादीबाट लागू औषध (चरेश) बरामद नभएको, लागू औषध खरीद बिक्री गर्न यी प्रतिवादीको के कस्तो संलग्नता थियो भन्ने कुरा वादी पक्षले सबूद प्रमाणबाट पुष्टि गर्न नसकेको तथा सहअभियुक्त नारायण गोलेको पोल अन्य प्रमाणबाट समर्थित नभएको अवस्थामा उक्त पोलको आधारमा मात्र यी प्रतिवादीलाई कसूरदार कायम गर्न नमिल्ने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल असार १९ गते रोज १ शुभम् ।

१२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६४-CI-०७०१, जग्गा खिचोला चलन, *बिन्देश्वर केवट वि. जनकदास पण्डित कुस्माहा*

नक्सा मुचुल्का हेर्दा वादीको भोगमा न.नं.२ को १-०-४ क्षेत्रफल जग्गा रहेको र न.नं. ४ को जग्गा प्रतिवादीको भोगमा रही विवादमा रहेको देखिँदा उक्त विवादित जग्गा वादीको कि.नं ५९ भित्रकै जग्गा रहे भएको देखिए पनि पुनरावेदन अदालत, विराटनगरको फैसलाउपर वादीले पुनरावेदन नगरी चित्त बुझाई बसेको देखिएको एवं वादीले आफ्नो कि.नं. ५९ को जग्गाको पश्चिम दक्षिणबाट ०-०-१० धुर जग्गा

प्रतिवादीले खिचोला गरेको भनी दावी लिएको देखिएबाट वादी दावीभन्दा बाहिर गई इन्साफमा बोल्न नमिल्ने हुँदा वादीको दावीअनुसार उक्त न.नं. ४ को जग्गामध्ये ०-०-१० धुर जग्गासम्ममा प्रतिवादीले खिचोला गरेको देखिँदा प्रतिवादीको जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल असार १९ गते रोज १ शुभम् ।

१३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६४ सालको दे.पु.नं. १०३२, जग्गा खिचोला चलन, *लक्ष्मी यादव वि. असर्फी यादव*

नक्सा मुचुल्का हेर्दा न.न. १ मा ०-०-५१/४, न.नं. २ मा ज.वि. ०-०-२१/४ देखिन्छ। दुबै मिलाएर ज.वि. ०-०-७१/२ क्षेत्रफल रहेको देखिन्छ। न.नं. ४ र न.नं. ६ को संयुक्त क्षेत्रफल ज.वि. ०-०-१०१/२ रहेको पाइन्छ। यसरी हेर्दा प्रतिवादीको बाबुले लिएको कुल ०-०-२ मा ज.वि. ०-०-४ (चार धुर) नपुग हुने देखिन्छ। तर भइआएको नक्सा मुचुल्काबाट न.नं. ३ मा ०-०-६१/२, न.नं. ५ मा ज.वि. ०-०-१४ र न.नं. ७ मा ज.वि. ०-०-२ गरी जम्मा ज.वि. ०-१-२१/२ मा दावी गरेको पाइन्छ। जुन क्षेत्रफल मिति २०२१।१।३१ को लिखतभन्दा बढी रहेको देखिन्छ। साविक कि.नं. १४२६ बाट बाँकी रहेको वादीको जग्गाको अस्तित्व नै लोप हुने स्थिति देखा परेको छ। त्यसकारण वादीको हकको जग्गालाई आफ्नो हक देखाउनुको साथै न.नं. ५ मा फुसको घर समेत बनाई प्रतिवादी असर्फी यादवले खिचोला गरेको देखिन आयो। अब के कति जग्गामा प्रतिवादीले खिचोला गरेको भनी हेर्दा मिति २०५५।२।३० मा अदालतबाट भइआएको नक्सा मुचुल्काको न.नं. ४ को कूल क्षेत्रफल ०-०-६१/२ भएकोमा त्यसमा पूर्वतर्फबाट ०-०-४ (चार धुर) सम्म प्रतिवादीकै हक भोगको देखिन्छ। सो चार धुर बाहेक न.नं. ३ मा पश्चिमतर्फबाट ज.वि. ०-०-२१/२ (साँढे दुई धुर) र न.नं. ५ मा पूरै (ससीम) प्रतिवादीले खिचोला गरेको देखिँदा न.नं. ५ मा असर्फी यादवले बनाएको घर समेत हटाई प्रतिवादीले न.नं. ३ को ज.वि. ०-१-२१/२ र न.नं. ५ को ज.वि. ०-०-४ पूरै समेत जग्गा ०-०-६१/२ धुर जग्गामा गरेको खिचोला मेटाई वादीले चलन समेत चलाई पाउने।

इजलास अधिकृतः परशुराम भट्टराई

इति संवत् २०६७ साल चैत १३ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६५ सालको दे.पु.नं. ०२२४, जग्गा खिचोला घर उठाई चलन, *लक्ष्मी यादव वि. सत्यनारायण यादव* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७ सालको दे.पु.नं. १२५१, मोही हक छोडपत्र स्वीकृत, *लगनी राजवंशी वि. नारायण मण्डल राजवंशी*

प्रतिवादी मोहीले २०३४ सालमै मोही हक छोडपत्र गरी सनाखत समेत गरिदिएकोमा सोही बखत मोहीको लगत कट्टा गर्नुपर्नेमा भूमिसुधार कार्यालयबाट सोबमोजिम लगत नसच्याइएको र सो छोडपत्रको निवेदनमा उल्लिखित व्यहोराअनुरूप नै समर्पण र लाभको सिद्धान्तअनुसार सोही मितिमा मोहीले अन्य जग्गा प्राप्त गरी सो मिति २०३४।१२।२८ को कागजातलाई प्रतिवादी मोहीले अन्यथा भन्न सकेको समेत नदेखिँदा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१)(क) को प्रक्रिया पूरा नभएको भन्न नमिल्ने हुँदा मोहीको मिति २०३४।१२।२८ मा पेश गरेको मोही छोडपत्रको निवेदनअनुसार मोहीको नाम मोही महलमा सच्याउन मात्र बाँकी देखिएको भनी दावीका जग्गाको मोहीको लगत कट्टा हुने ठहऱ्याएको शुरू भूमिसुधार कार्यालय, मोरङको निर्णय सदर हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल चैत १८ गते रोज ६ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६७ सालको दे.पु.नं. १२५२ मोही हक छोडपत्र स्वीकृत, *लगनी राजवंशी वि. वासुदेव मण्डल राजवंशी*
- २०६७ सालको दे.पु.नं. १२५३, मोही हक छोडपत्र स्वीकृत, *लगनी राजवंशी वि. मनोजकुमार मण्डल राजवंशी*

१५

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री कमलनारायण दास,** २०६७-CR-०३७७, कर्तव्य ज्यान, *पृथ्वी वि.क. भन्ने अभिलेख तिरूवा वि. नेपाल सरकार*

प्रतिवादीले बयानमा उल्लेख गरेको स्थानबाट वारदातमा प्रयोग भएको खुकुरी बरामद भएको र उक्त खुकुरी आफूले वारदात गर्दा प्रयोग गरेको भनी प्रतिवादीले सनाखत गरिदिएको, सो खुकुरीमा मानव रगत लागेको भनी जाँच प्रतिवेदनबाट देखिएको छ । त्यस्तै प्रतिवादीको साक्षी भागिराज वि.क.ले पूर्व रिसइवीको कारण प्रतिवादीले मृतकलाई खुकुरी प्रहार गरी मारेका भनी प्रतिवादीउपर गढाउ गर्दै किटानी बकपत्र समेत गरेको देखिँदा सफाई हुन नसक्ने ।

प्रतिवादीले माओवादी द्वन्द्वकालमा आफू माओवादी पीडित भई माओवादीमा लागेका यी मृतकको धम्की समेतबाट आफू घरगाउँबाट विस्थापति भएको कारण घर व्यवहार बर्बाद भएकोले सो पीडाबोधको कारण घटना घटाएको भनी बयान गरेको देखिएको, मुद्दाको अनुसन्धान र अदालतमा समेत कसूर अपराधलाई स्वीकार गरी न्यायिक प्रक्रियामा सहयोग गरेको, प्रतिवादीले गरेको बयान हेर्दा निजको उमेर १६ वर्ष पूरा भएको देखिएको र भर्खर एस. एल.सी. परीक्षा दिएको भन्ने देखिँदा निजको उमेर अवस्था र निज पढ्दै गरेकोमा हाल पढाई टुटेको स्थिति समेतलाई दुष्टिगत गर्दा निजलाई १२ (बाह्र) वर्ष कैद गर्न मनासिब देखिँदा अ.बं. १८८ नं. प्रयोग गरी पुनरावेदन अदालतबाट १५(पन्ध्र) वर्ष कैद सजाय गर्ने गरी जाहेर गरेको रायलाई घटाई १२ वर्ष (१२) वर्ष कैद हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल असार २२ गते रोज ४ शुभम् ।

## रायबाझी फैसला

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको दे.पु.नं. ०६६-CI-०८८३, अंश चलन, *चिरागमान सिँह कुँवर वि. ज्ञानु कुँवर*

**मा.न्या.श्री रामकुमार प्रसाद शाहको रायः**

पतिले बकसपत्रबाट पाएको सम्पत्तिमा पत्नीको अंश लाग्ने हुनाले पत्नीले पाएको बकसपत्रको सम्पत्तिमा पतिको अंश नलाग्ने भन्नु विभेदकारी व्याख्या एवं त्रुटिपूर्ण मान्यता ठहर्न जान्छ । तसर्थ प्रतिवादी ज्ञानु कुँवरले बकसपत्रबाट पाएको कि.नं. ३५६ को हाल कि.नं. ८७ को जग्गाघरमा प्रतिवादी ज्ञानु कुँवरले बकसपत्रबाट पाएको कि.नं. ३५६ को हाल कि.नं. ८७ को जग्गाघरमा समान अवस्था र स्तरका अंशियार निजको पति यी चिरागमानको समेत अंश लाग्ने ।

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्कीको रायः**

अंशबण्डाको १८ नं. र सर्वोच्च अदालतबाट *नेकाप २०५३, नि.नं. ६२६५, पृष्ठ ७०६* पुनरावेदक पिताम्बर शर्मा वि. लालमाया शर्मा भएको मुद्दामा प्रतिपादित सिद्धान्तअनुसार समेतका आधारमा प्रत्यर्थी ज्ञानु कुँवरको नाउँको सा.कि.नं. ३५६ हाल कि.नं. ८७ को जग्गा निजी प्रयासबाट आर्जित सम्पत्ति देखिँदा सो जग्गा वादीलाई बण्डा गर्न मिल्ने देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा २८ अनुसार कुनै खास कुरा प्रमाणित गर्ने भार सो कुराको जिकीर गर्ने माथि रहने भन्ने देखिन्छ । कि.नं. ८६ को ०-४-० जग्गा बकसपत्रबाट आएको भए पनि बकस नभई खरीदी भएको अथवा बकसपत्रको कैफियत व्यहोरामा लेखिएको बकस दिनुपर्ने कारण अन्यथा भएको भन्ने कुरा पुनरावेदकले प्रमाणित गर्न सकेको देखिँदैन । अर्थात् सो जग्गा सगोलको हो भन्ने वादीले प्रमाण ऐन, २०३१ को दफा २८ बमोजिम तथ्ययुक्त ठोस सबूद प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिँदा कि.नं. ८७ को जग्गा पनि वादी प्रतिवादीबीच बण्डा हुने भन्ने रायमा मेरो सहमति नभएको भै पृथकपृथक राय कायम भएको हुँदा प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१) बमोजिम पूर्ण इजलासमा नियमानुसार पेश हुने ।

इजलास अधिकृतः खड्ग अधिकारी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल असार २९ गते रोज ४ शुभम् ।

*नेकाप तथा सर्वोच्च अदालत बुलेटिन*का सम्बन्धमा कुनै राय, सुझाव तथा गुनासो भएमा सर्वोच्च अदालत कानून पत्रिका बिक्री कक्षसँगै राखिएको सुझाव पेटिकामार्फत् सम्पादन तथा प्रकाशन समितिमा पठाउन सकिने छ । आफ्नो नाम गोप्य राख्न चाहेमा प्रेषकको नाम गोप्य राखिने छ । **- सम्पादक**